
# धर्मकीर्ति

## THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



भाद्र पूर्णिमा

वर्ष- १४ अंक- ५ वार्षिक रु. ३५/- मूल्य रु. ४/-

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

सम्पादकीय–

## पुण्य कर्मको उपलब्धी ?

हाम्रो समाजमा आजभोली पुण्य कार्य गर्ने व्यक्तिहरूको संख्यामा कमी देखिंदैन । किनभने धेरै जसोलाई धार्मिक व्यक्ति बन्न मन लाग्छ । तर जति पनि पुण्य कार्यहरू गरिन्छन्, ती कार्यहरूबाट ठोस उपलब्धी पाउन सकिराखेको देखिंदैन । किनभने हामीले बुद्धको शिक्षा अनुसार आफ्नो चित्तलाई शुद्ध पार्न सकिराखेको छैनौं । अर्को अर्थमा भन्ने हो भने हामीले आफ्नो व्यवहार र आचरण शुद्ध पार्ने कार्यमा ध्यान दिन सकेका छैनौं । फलस्वरूप हामीले आफ्नो मन भित्र लुकिराखेका ईर्ष्या, द्वेष, छलकपट र स्वार्थीपन जस्ता कुबानीलाई समय समयमा आफ्ना पुण्य कार्यहरूमा मिसाउने गर्छौं । त्यसैले हामीले आफुले गरेका यी पुण्य कार्यहरूबाट अशान्ति मिसेकै फलहरू पाउने गर्छौं । यति मात्र होइन पुण्यको नाममा यहाँ एक आपसमा प्रतिस्पर्धाले ठाउँ ओगटेको देखिन्छ ।

महापरित्राण गर्नको लागि पनि मन्त्रीज्यू बोलाई उद्घाटन गराउने परम्परा बसाल्दैमा यस कार्यलाई शुद्ध चित्त सहितको निस्वार्थ धार्मिक कार्य भन्न मिल्दैन । किनभने बुद्ध शिक्षा अनुरूप जाने हो भने शुद्ध धर्मले त समाजमा फैलिरहेको कुबानी र नचाहिंदो संस्कारहरूलाई हटाउँदै जान सक्नु पर्छ । तर यसको ठीक विपरित धार्मिक कार्यमा पनि राजनैतिक कार्यको मिसावत गर्ने बानिले गर्दा र देखावती पुण्य कार्यले गर्दा समाजमा नयाँ कुसस्कारहरूको उपलब्धी भैराखेको हुनाले यसतर्फ ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ ।

पुण्य भनेको आफ्नो मनद्वारा प्राप्त गर्नुपर्ने शान्ति रस हो । त्यसैले आफुले आफैलाई छलेर बाहिरी देखावती पुण्य गर्नेतिर लाग्नुभन्दा पहिले बुद्धको शिक्षालाई आफ्नो दैनिक व्यवहारमा प्रयोग गरी आफ्नो चित्तलाई शुद्ध पार्नु परेको छ । समय समयमा आत्मालोचना गर्ने बानी बसाली भरसक अर्काको दोष होइन आफ्नो दोषलाई नियाल्दै फाल्ने बानी बसाल्नु परेको छ । आफूलाई अरूको बाधक नबनाई शुद्ध बुद्ध अनुयायी बन्नु परेको छ । यसरी बुद्ध–पूजा, महापरित्राण, धर्मदेशना, रेडियो, टि. भि. आदिलाई धर्म प्रचारको माध्यम बनाउनुको साथसाथै आफ्नो शुद्ध व्यवहार र शुद्ध नियतको मार्फत पनि बुद्ध शिक्षा प्रचार गर्न सकेमा अझ तिव्र र स्थायीरूपले समाजमा बुद्ध शिक्षाको जग बस्नेछ । यही धर्मकीर्तिको चाहना हो ।

★★★

---

धर्मकीर्ति पत्रिकाको विशेष सदस्य– क्र. सं. २१०, तेजमान शाक्य, पुल्चोक, पाटन, रू. १००१।–

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित

व्यवस्थापक
चिनीकाजी महर्जन

ने० सं० १११६

सम्पादक
अ. वीर्यवती

बु० सं० २५४०

प्रधान सम्पादक
भिक्षु अश्वघोष
फोन– २२७१५०

प्रकाशक व विशेष सल्लाहकार
अनगारिका धम्मवती

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
काठमाडौं
फोन : २२०४६६
पोष्ट बक्स नं. ४९९२

# धर्मकीर्ति
## ( बौद्ध मासिक )
# THE DHARMAKIRTI

SEPTEMBER 1996

वर्ष–१४ | अंक–५ | यें न्याःपुन्ही | भाद्र २०५३




सम्यक् दृष्टि– ठीक समझदारी, दुःखको ज्ञान, दुःख उत्पत्तिको ज्ञान, दुःख निरोध ज्ञान, दुःख अन्तको बाटो लैजाने (आर्यअष्टाङ्गिक मार्ग) को ज्ञान । यी चार आर्यसत्यको सम्यक् ज्ञानलाई सम्यक् दृष्टि भन्दछन् ।

सम्यक् संकल्प– ठीक सोचाई र नियत– निस्वार्थ सम्बन्धी अर्थात् कुनै चीजमा अनाशक्ति सम्बन्धी संकल्प, अहिंसा अर्थात् अरूलाई दुःख नदिने सम्बन्धो सोचाई, बदला नलिने ठीक संकलपलाई सम्यक् संकल्प भन्दछन् ।

सम्यक् वचन– ठीक बोली– असत्य वचन छोड्नु, चुक्लि अथवा छुल्याहापन छोड्नु, कठोर वचन छाड्नु र गपफो नबन्नुलाई सम्यक् वचन भन्दछन् ।

★★★

Downloaded from http://www.dhamma.digital

# नेपाली सामाजिक तथा धार्मिक विकृतिहरू

– श्री के. पी. मोक्तान, धरान

लगभग १२०० शताब्दी देखि हाम्रो नेपाली समाजमा प्रचलनमा चली आएका संस्कारहरू विभिन्न रूपमा प्रचलित छन्। आफूलाई बौद्ध भन्ने बुद्ध धर्मावलम्बीहरूले एउटै धर्म ग्रहण गरेता पनि उनीहरूको संस्कार विधिमा भिन्नता पाइन्छन्। तर भगवान् बुद्धले भने आफ्नो स्वधर्ममा संस्कारको लागि त्यस्तो कुनै महत्वपूर्ण स्थान दिएको छैन। त्यसैले संस्कार धर्म होइन केवल व्यवस्था अनुसार मानव समाजले आफ्नो प्रचलनमा ल्याएको एउटा संस्कार मात्र हो। यी संस्कारहरू शुभ, अशुभ कार्य गर्दा धार्मिक सिद्धान्तको विपरित जान हुँदैन। तर हाम्रो नेपाली समाजमा यो नभएर धार्मिक सिद्धान्तको विपरित भइरहेको देखिन्छ।

आजको परिस्थितिमा हाम्रो नेपाली समाजमा जनजातिको मनवा अनुकूल यो प्रचलित संस्कार विधिमा सुधार ल्याउन त्यतिकै आवश्यकता भएको छ जतिको हाम्रो नेपालको अर्थ व्यवस्थामा छ। समयानुकूल सुधारिएको संस्कारद्वारा नै मानव जीवनको गुणस्तर सुसंस्कृत भएर माथि उठ्दछ। यस्ता संस्कारद्वारा नै मानिस प्रभावित भई बहुजन हितायार्थ कल्याण मार्गको अनुकरण गर्दछ।

अन्य अन्धविश्वास र रुढीवादी विचारधारालाई प्रोत्साहित गर्दै सधैं आर्थिक भार परी एकातिर जनहितको सधैं अहित भएको देखिन्छ भने अर्कातिर धार्मिक सिद्धान्तको विपरित मादक पदार्थको सेवन धर्मको नाउँमा, निर्दोष पशुहत्या जस्ता घृणित कार्य भइरहेको देखिन्छ। यथार्थमा चलिआएको संस्कार विधिमा सुधार गरी चलन चलाउनु नै मानव कर्तव्य, धर्म र समाजको सेवा गर्नु पनि हो। तसर्थ भूमण्डलका प्रत्येक जनजातिका जन्मदेखि मृत्यु पश्चात् घटी वा बढी केही न केही कुनै रूपले गरिने संस्कारहरू यसप्रकार छन् :—

(१) गर्भमंगल (२) नामकरण (३) अन्न-प्राशन (४) चूडाकर्म (छेवार) (५) विद्यारम्भ (६) व्रतवन्ध (७) प्रव्रज्या (८) विवाह र (९) मृत्यु।

उपरोक्त संस्कारहरूमध्ये विवाह र मृत्यु यी दुई मानव जीवनको महत्वपूर्ण घटनाहरू हुन्। यी संस्कार कार्यहरू गर्दा मानव समाजभित्र निम्न विधिद्वारा कार्य सम्पन्न गरिन्छ। जस्तै विवाह खुशियालीको रूपमा गरिन्छ भने मृत्यु सम्वेदनशीलको रूपमा। मृतात्मालाई स्वर्ग पुऱ्याउने धारणा अन्धविश्वासपूर्ण इच्छा गरिरहन्छ। यस्ता संस्कार गर्दा निर्दोष पशुहरूको हत्या गरी धर्मको अधर्म भई हाम्रो नेपाली समाजमा कुसंस्कार बढिरहेको छ।

त्यसैले यस्ता कुसंस्कारहरूलाई हाम्रो समाजमा समयानुकूल सुधार गरिएन भने हाम्रा भविष्यमा आउने पिँढीका लागि दुःखदायी बन्नेछ। त्यसैले धर्म, दर्शन, साहित्य, संस्कृति आदि एउटै शरीरको विभिन्न अंग प्रत्यंग मात्र हुन्। मूलतः धर्म भनेको ज्ञानको आँखाले हेर्ने राम्रो व्यवहार आचरण, सुन्दर स्वभाव, निर्मल चित्तद्वारा ठीक बेठीक छुट्याई बुद्धि, प्रज्ञा वा ज्ञानद्वारा गरिने कार्य हो। दर्शन भनेको जस्तो छ त्यस्तै विचार-विवेक पुऱ्याई राम्रो तर्कपूर्ण छानबिनद्वारा गरिने कार्य हो। यसरी धर्म सँग-सँगै संस्कारलाई पनि डोऱ्याउँदै



Downloaded from http://www.dhamma.digital

लान सकेमा मानव समाजको ठूलो कल्याण र सेवा हुन सक्नेछ। यही बुद्ध धर्मको सार पनि हो।

तर दुःखद कुरा के छ भने, हाम्रो नेपाली समाजमा जन्मदेखि मृत्युसम्म गरिने संस्कारहरूले गर्दा एकातिर ठूलो आर्थिक भार पर्न गएको देखिन्छ जसले गर्दा हाम्रो समाज यो विश्वको सबैभन्दा तल्लो धरातलमा गरिबीको रेखामुनी पिल्सिएर, चेप्टिएर बसिरहेको छ र त्यहाँबाट हाम्रो समाज कहिल्यै माथि आउन सकिराखेको छैन। भगवान् बुद्धको धर्म अनुसार मानिसले यही जीवनमा मुक्ति पाउन सक्नु पर्छ। मृत्यु पश्चात् होइन। तर यसको विपरित हाम्रो समाजमा मृत्यु पश्चात् स्वर्ग जाने इच्छा राख्दै ईश्वर, परमेश्वर, भगवान्, परमात्मा र देवी–देवताको भक्तिमा लागी ईश्वरलाई विभिन्न कल्पना गर्दै शुन्य आकाशतिर हेर्न थाल्दछौं, तर त्यसबाट दुःख बाहेक कुनै मुक्ति पाउदैनौं। यो अन्धा अनुकरणले हाम्रो समाजका दाजु–भाई, दिदी–बहिनीहरूको आँखामा पट्टी बाँधिएर प्रज्ञा–बुद्धिमा बिर्को लागिएको छ। यसलाई खोल्ने ज्ञान र बुद्धिको मार्ग देखाउने एक मात्र व्यक्ति भगवान् बुद्ध हुनुहुन्छ।

नेपालमा हाम्रो जनसंख्या करिब २ करोड छ भने हाम्रा देवी–देवताहरू ३३ करोड छन्। यी ३३ करोड देवी–देवताहरूको पूजाआजा गर्ने गर्छौं। यति मात्र कहाँ हो र हामीले पहाड–पर्वतको पूजा, ढुंगा ठूलो देखियो त्यसको पनि पूजा, खोला–नालाको पूजा, गाई पूजा, गोरू पूजा, कुकुर पूजा, मोटर–गाडी पूजा, कल–कारखाना पूजा आदि विभिन्न पूजाहरू गर्ने गर्दछौं। तर के तपाईंलाई थाहा छ, जुन देशले त्यस्ता मेशिनरी सामानहरू उत्पादन गर्दछन् ती देशहरूले भने कहिल्यै हामीले जस्तो पूजा गर्दैनन्। तर हामी किनेर ल्याउनेलाई केको यत्रो चासो वा ढाँचा? यस्ता पूजाहरूबाट मानव जातिको विकासमा के उपलब्धी छ? बरू त्यो अमूल्य समय त्यस्ता पूजामा खेर फाल्नुभन्दा ती मोटर–गाडी, औजार, कलकारखानाको राम्ररी मर्मत सम्भार तथा सफाई गरेको खण्डमा हाम्रो समाजको ठूलो कल्याण एवं मंगल हुने थियो। त्यसैले स्वयं आफूले आफैलाई प्रश्न गरी गहिरो विचार गर्नुहोस् कि हाम्रो नेपाली समाजमा ३३ कोटी देवी–देवताहरूको अनुयायी हुंदा हुंदै पनि विश्वमा हामी नै सबैभन्दा गरिब किन? यत्तिका देवी–देवताहरूका अनुयायी बनेपछि हामी संसारिक सुख तथा भौतिक सुविधाले सम्पन्न हुनु पर्ने होइन र? तर तपाईंलाई ज्ञात नै होला कि जुन देश एउटा मात्र वा कम देवताहरूलाई पूज्दछन् ती देशहरू भने संसारिक सुख एवं भौतिक सुविधाले सम्पन्न छन्। अर्कोतिर हामीले आर्थिक सहायता तथा योगदान पनि प्रशस्त पाइरहेका छौं। के हामीले नेपाली समाजलाई यसरी हात फैलाएर विदेशीहरूबाट मागी खान लाज हुंदैन र? देशमा व्याप्त कुसंस्कारहरूले गर्दा नै होला हाम्रो नेपाली समाज आफ्नै स्वधर्म–बुद्ध धर्मलाई त्यागी इसाई वा अन्य धर्ममा परिणत भइरहेका छन्। यसको कारण के होला? यसको कारण हो हाम्रो समाजले मान्ने संस्कार अति नै हानिकारक तथा आर्थिक भार खप्नपर्ने खालको हुन गयो। हामी कैयौं नेपालीहरू त्यस्ता संस्कारबाट छटपटाई रहेका छौं। उनीहरूलाई यो थाहा भएन कि बुद्धले पनि सरल संस्कार विधि सिकाएको छ। अतः यहाँ बुद्ध धर्मको प्रचार–प्रसार हुनु अति आवश्यक भएको छ।

दर्शन शास्त्र, इतिहास गवाही छ कि पहिला यूरोपीय देशहरूमा पनि नेपाली समाजले जस्तै दुई हजार देवी–देवताहरूको पूजा गर्ने गर्दथे। त्यसबेला त्यहांका सामाजिक जीवन अति नै दयनिय तथा गरीबी स्थितिमा



Downloaded from http://www.dhamma.digital

थियो। यस्तो समयमा त्यहाँको धर्तिमा अफाल्तु, कार्ल-मार्क्स, गेलिलियो जस्ता महान दार्शनीकको जन्म भयो। फलस्वरूप उनीहरूले त्यहाँका परम्परा-वादीहरूको देवी-देवताहरूका मूर्ति बटुलेर आन्ध्र महासागरमा पर्याँकिदिए। बल्ल त्यहाँका समाजले मुक्ति पाएर उन्नतिको पथमा अग्रसर भए। त्यस्तै हाम्रो देशमा पनि हामीले जबसम्म ती घृणित संस्कार तथा कुलत एवं फुस्रो परम्परालाई त्याग्दैनौं, तबसम्म हामीले कहिल्यै पनि सुख पाउँदनौं।

हाम्रो नेपाली समाजलाई अब यो भोकमरी जीवनबाट मुक्ति दिलाउन यो रुढीवादी विचारधारा, पुरोहितवादलाई जरैदेखि निर्मूल पार्न पश्चिम महाकाली देखि पूर्व मेचीसम्मका बुद्धिजिवी दाजु-भाई तथा दिदी-बहिनीहरू सबै एक जुट भई यी परम्परावादी भन्ने संस्कार, कुसंस्कृतिलाई त्याग्नै पर्छ। जबसम्म यसलाई त्याग्दैनौं तबसम्म हाम्रो जीवन दुःख र भोकमरीबाट कहिल्यै मुक्त हुन सक्तैन।

उक्त संस्कार संस्कृति कुनै पनि परम्परा भन्ने विचारहरू धर्मत होइन। यस अघिका पूर्खाहरूले आफ्नो समयानुकूल चलन चलतीमा चलाएको संस्कार संस्कृति मात्र हुन्। जुन परम्पराले आजको समाजलाई बेफाइदा गर्छ त्यसलाई मान्नु कुनै औचित्य छैन। धर्म त त्यो हुन्छ जुन राम्रो विचार, विवेक, बुद्धि, तर्कपूर्ण गरिएको कार्य, राम्रो स्वभाव, गुण, आचरण सदव्यवहार, निर्मल चित्तद्वारा गरिएको नैतिक विचार जसबाट बहुजन हिताय र सुखाय हुन्छ। त्यही नै ईश्वर, परमेश्वर, परमात्मा, देवी-देवता भगवान् हुन्।

मानव समाजमा मृत्यु हुनु स्वभाविक घटना हो, यो प्रकृतिको नियम हो। विश्वको धर्म हो, यसलाई न कसैले रोक्न सक्छ न त कसैले छेक्न नै। मृतकलाई स्वर्ग पुऱ्याउने धारणा केवल मिथ्या हो। प्रकृतिको धर्म अनुसार चल्नु नै बुद्धको धर्म हो।

दर्शन शास्त्रबाट यो थाहा हुन्छ कि बुद्धकालीन समयमा पनि भारत र नेपालमा धर्मचार्यहरू अधिकांश पुरोहितहरूले मानव समाजमा जन्म वर्णभेद, छुवाछूट, असमानता आदि चरम सिमासम्म पुगेको थियो। ती पुरोहितहरू मात्र आफ्नो सुख-सुविधा जुटाउनमा लागेका थिए। धर्मचार्यहरूको बौद्धिक, सामाजिक, धार्मिक, आर्थिक आधिपत्यले मानव समाजको विकासमा विभिन्न प्रकारका बाधाहरू दिन लागिरहेका थिए। यी पुरोहित-हरूले आफ्नै स्वार्थका निम्ति मानव समाजमा मात्र नभई सारा राज्यलाई नै अपाङ्ग बनाइदिएका थिए। ईश्वरको नाममा गरिने संस्कृति, देवी-देवताको पूजा, यज्ञ, अग्निहोत्री, होमन, गौबली, अश्वबली, नरबली, सती प्रथा, पशुबली, अनेकौं मादक पदार्थको सेवन, अनैतिक, धार्मिक आडम्बर र अन्धविश्वास चरमसिमामा पुगेका थिए। समाजमा मानिसहरू बाँच्न तथा जिउँन त्राही त्राही भइसकेका थिए। यस्तो समयमा सम्यक सम्बुद्धले सत्य-ज्ञानको मानव समाजलाई स्वधर्म प्रचार प्रसार गरी ती मृत्यु सैय्यामा परेका समाजलाई पुनः जीवनको श्वास फुकी दिनु भएको थियो। (अर्थात् जीवन दान दिनुभयो।) यसपछि यसको प्रभाव भारत र नेपालमा यी रुढीवादी अन्धविश्वासहरू माथि तिब्र-रूपले पर्न गई ती ब्राह्मण पण्डितहरू नै सर्वप्रथम बुद्धको अनुयायी बन्न पुगे।

सम्यक सम्बुद्ध भन्नुहुन्छ—"धर्मोसमासतो हिंसा वर्णयन्ती तथागता।" अर्थ—जहाँ निर्बोध पशुहरूको हत्या हुन्छ त्यहाँ महर्षिजन उपस्थित हुँदैनन्। दान नै सबैभन्दा ठूलो यज्ञ हो, पुण्य हो। त्यसैले मानव समाज-मा गरिने संस्कार, संस्कृति, कर्मकाण्ड-क्रियाकलाप



Downloaded from http://www.dhamma.digital

यस्तो होस् जसबाट समाजलाई बहुजन हित बहुजन सुख प्राप्त हुन सकोस् । यस प्रकारको संस्कार, संस्कृतिद्वारा नै बौद्धिक, धार्मिक, सामाजिक, आर्थिक श्रोत अभिवृद्धि हुन सक्छ । बुद्धको जीवनकालमा पनि समाजमा मइ-रहेका अन्धविश्वास पुरोहितवादलाई जरैदेखि उखेली दिनुभयो । बुद्ध धर्म वास्तवमा कुसंस्कार र अन्धविश्वास हटाउनको लागि नै थियो । बुद्धको परिनिर्वाणपछि पुनः पलाएर आयो र फेरि पुरोहितवादको जरा गाढिएको छ । यसले गर्दा आज मानिसलाई पुनः दुःखदायी बनाइ-रहेको छ ।

उदाहरणका लागि—जसको बाबु–आमाको मृत्यु भएको छ, उसले केश, दाह्री–जुँगा, परेला, आखीभौं खौरेर नुन–तेल बार्नु पर्दछ । साथै सेतो वस्त्र धारण गरी चिसो भुईंमा सुत्नु पर्दछ र १३ दिन पछि अन्त्येष्टी किरियाकर्म गरी ४९ दिन वा ६ महिना वा एक वर्षसम्म बार्नु पर्ने यो कुन धर्म हो ? यसबाट मानव विकासमा के उपलब्धी छ ? धर्म त वास्तवमा त्यो हो, जसले आफ्नो बाबु–आमालाई जीवीत छँदा नै राम्रो सेवा र हेरचाह गर्दछ । खाना–पिना, कपडा, औषधी उपचार आदि कुरामा राम्रो हेरविचार गर्नु र बिरामी परेमा मलमूत्र वा फोहोरमा नपार्नु नै धर्म हो अर्थात् यही नै शुद्ध कर्म हो । तर यसो नगरी जीवीत छँदा बाबु–आमा-सित रात–दिन झगडा गालीगलोच गर्ने अनि मृत्यु पश्चात् चाहिं अनेकौं ढोंग रचाई अन्त्येस्टी किरियाकार्यमा छाता, जुत्ता, सैय्यादान, गौदान, घोडा दान इत्यादि ढोंग किन ? यसको सट्टा कुनै धार्मिक स्थल, विद्यालय, अस्पताल आदि निर्माणका लागि सहयोग गरे त्यो नै सबैभन्दा ठूलो दान हुने थियो । यही नै मानवसमाज तथा देश विकासको ज्वलन्त उदाहरण हो ।

जति आजको यो वैज्ञानिक युगमा कुसंस्कृति तथा अन्धविश्वास हामी नेपाली समाजले अंगालिरहेका छौं के त्यस्ता अन्धविश्वास अन्य मुलुकका मानिसहरूले पनि मान्दछन् ? कुनै किसिमका संस्कारहरू नमान्नेहरू के सबै नर्कमा नै जान्छन् त ? के नेपालीहरू संस्कार मान्ने मात्र स्वर्ग जान्छन् त ? सही ढंगले सोच्ने हो भने यस्ता कैयौं प्रश्नहरू उठ्छन् । यसैले अन्धविश्वास गर्नु अधर्म हो ।

अन्तमा म सम्पूर्ण नेपाली दाजु–भाई, दिदी–बहिनीहरूलाई यो आह्वान गर्दछु कि—अन्धविश्वास तथा पुरोहितवादलाई त्यागी आफै पण्डित बनी शुद्ध बौद्ध संस्कार विधिलाई अपनाऔं । पण्डितले पढ्दा हुन्छ भने हामीले पनि पढे हुन्छ । आफ्नै खुट्टामा हिडौं तर अर्काको भरोसामा र आशामा होइन । यही शुद्ध बुद्ध धर्म हो । शुद्ध बुद्ध धर्म त्यो हो चतुआर्यसत्य, त्रीशरण, पञ्चशील, आर्यअष्टाङ्गिक मार्ग, दश पारमिता, ३७ बोधिपाक्षिक धर्म र प्रतित्यसमुत्पाद धर्म ग्रहण गरौं । यसलाई स्वयं जीवनमा उतारौं । यसैले मानव समाज-लाई सभ्यता र विकासको पथमा पाइला चाल्न मदत पुऱ्याउँछ । साथै जाति, जराव्याधी, मरणबाट मुक्त भई निर्वाण मार्गमा पुऱ्याउँछ जसले गर्दा मानव समाजमा आर्थिक स्रोत अभिबृद्धि भएर समस्त नेपाली र नेपाल राष्ट्र शक्तिशाली बन्न पुग्दछ ।

★★★

---

पापको फल भोग गर्नु नपरेसम्म मूर्खले आफूले गरेको खराब कामलाई मह जस्तो ठान्दछ, तर पापको फल भोग्नु पर्दा दुःखीत हुन्छ । — धम्मपद



Downloaded from http://www.dhamma.digital

# अनुरोध

– राज शाक्य, कालेबुंग

हे बुद्ध भगवान् करुणा निधान
सिकाएका थियौ तिमीले
बगाउन
करुणाको स्नेह धार
जसले बगाई क्रोध हिंसा
पुऱ्याई दिने स्रोतापत्ति दिशा
तर
स्वार्थको चपेटाले
हिंसाको लपेटाले
जलाई वाष्प बनाई
उडाई दियो
करुणाको भावलाई
यसकारण
फँसी रहेछौं पाप कुण्डमा तडपि
अंगाल्न नपाई करुणालाई ।

हे बुद्ध भगवान् दया निधान
दिएका थियौ तिमीले
पालन गर्न
पञ्चशीलको मन्त्र
जसले मेटाई पञ्चस्कन्ध दुःख
देखाई दिने
आर्य–सत्य सुख
तर
प्रपंचको परतन्त्रले,
तृष्णाको प्रवाहले
ध्वंश गरिदियो पञ्चशीललाई
यसकारण
जली रहेछौं दुःखाग्निमा
पालन गर्न नपाई पञ्चशीललाई ।

हे बुद्ध भगवान् महा प्रज्ञावान
निर्माण गरिदियौ तिमीले
अष्टाङ्गिक मार्ग
जसले
निरोध गरी जन्म–जरा मरणको
पुऱ्याउने सुपथ निर्वाणको
तर
कंचन कामिनीको लोभले
क्षणिक सुखको मोहले
ढाकी दियो कुसंस्कार बनाई
अष्टाङ्गिक मार्गलाई ।
यसकारण
रूप स्पर्श गरी वेदना बढाई
तडपिरहेछौ अपनाउन नपाई
अष्टाङ्गिक मार्गलाई ।

हे बुद्ध भगवान् त्रैलोक्यमा महान
सुनी देऊ मेरो पुकार
पञ्चस्कन्धको भुँवरीमा परी
विकार भावनाले चित्त भरी
भयो मानव जीवन निस्सार
गुमाएँ मोक्षको अनमोल आधार
यसकारण
हे बुद्ध भगवान् सर्वज्ञवान
विन्ति छ मेरो
गरी शत शत प्रणाम
महाकरुणासमापत्तिमा आई
पञ्चरश्मि जगमा फैलाई
दिनु हवस् शक्ति बोधिज्ञानको
भष्म गरी सब अकुशल 'राज'को ॥



Downloaded from http://www.dhamma.digital

# धम्मपद – ८८

– रीना बनिया

"अभिवादन सीलिस्स, निच्चं वुड्ढा'पचायिनो।
चत्तारो धम्मा वड्ढन्ति, आयु वण्णो सुखं बलं'ति॥"

अर्थ – "आफूभन्दा जेठो व्यक्तिलाई आदर गरी दण्डवत गर्ने शील स्वभाव भएको व्यक्तिलाई आयु, वर्ण, सुख र बल यी चार सम्पत्ति वृद्धि हुन्छ।"

यो गाथा भगवान् बुद्धले दीघलम्बकमा दीर्घायु कुमारको कारणले भन्नुभएको हो।

घटना––भगवान् बुद्धको समयमा दीघलम्बक नामका दुई ब्राह्मण निर्गन्थ साधुहरूकहाँ प्रव्रजित भएर साधु बनेका थिए। केही समयपछि ती दुई साधुमध्ये एकजनाले साधु जीवन त्यागी गृहस्थी जीवन बिताउन थाले। विवाह पश्चात् उनलाई एउटा पुत्र पनि लाभ भयो।

एकदिन प्रव्रजित जीवन बिताइरहेका साधु नगरमा फर्केर आएको बेला उक्त गृहस्थीले आफ्नी पत्नी र छोरा सहित आफ्ना साथी साधुलाई भेट्न गए। साथी साधुलाई परिवारका सदस्य सबैले वन्दना प्रणाम गरिसकेपछि साधुले बालकलाई बाहेक उनका आमाबाबुलाई मात्र "दीर्घायु होस्!" भनेर आशिर्वाद दिए। आफ्नो छोरालाई आशिर्वाद नदिएको देखी आमाबुबा दुबैजना दुःखी हुँदै साधुसँग यसको कारण सोध्नथाले। साधुले पनि त्यस बालक अर्को सात दिनभन्दा बढी नबाँच्ने कर्म हुनाले उसलाई "दीर्घायु होस्" भनी आशिर्वाद दिन नमिल्ने कुरा बताए।

यो कुरो सुनी चिन्तित भएका ती आमाबुबाले आफ्ना छोरालाई बचाउने उपाय बताइदिन हुन साधुसँग अनुरोध गरे। अनि साधुले श्रमण गौतमकहाँ गएमा मात्र यसको उपाय मिल्न सक्ने सल्लाह पनि दिए।

साधुको सल्लाह अनुसार त्यस ब्राह्मणले आफ्ना छोरा र पत्नीलाई लिएर भगवान् बुद्धकहाँ भेट्न गए। बुद्धलाई वन्दना गर्दा पनि त्यस बालकले "दीर्घायु होस्" भन्ने आशिर्वाद पाउन सकेन। बुद्धले बालकको आमा-बुबालाई मात्र "दीर्घायु होस्" भन्ने आशिर्वाद दिनुभयो। अनि ती दुबै आमाबुबाले बुद्धसँग यसको कारण सोधे। बुद्धले पनि त्यस बालकको बाँच्ने कर्म सात दिनसम्म मात्र बाकी रहेको रहस्य बताउनु भएपछि उनीहरू आत्तिँदै आफ्नो छोराको आयु लम्ब्याउने उपाय माग्न थाले। बुद्धले उनीहरूको दुःख हटाउन करुणा चित्तले यसरी उपाय बताउनु भयो।

"आफ्नो घरको अगाडि मण्डप बनाएर त्यसको बीचमा एउटा टेबल राख्नु। त्यसको चारैतिर आठवटा वा सोह्रवटा आशन राख्नु। ती आशनहरूमा मेरा शिष्य श्रावकहरू राखी सात दिनसम्म अटूट रूपमा परित्राण पाठ गराउनु। यसो गरेमा मात्र यो बालकको कर्मक्षयको मरणभय तर्न सकिन्छ।"

उक्त ब्राह्मणले भगवान् बुद्धले भन्नुभए जस्तै परित्राणको आयोजना गरी सात दिनसम्म अटूट रूपमा परित्राण पाठ गराई आफ्नो छोरालाई पनि परित्राण मण्डप भित्रै राखी छोडे।

आठौं दिन बिहान बालकलाई फेरि भगवान् बुद्धकहाँ ल्याई वन्दना गराए। त्योबेला भगवान् बुद्धले त्यस बालकलाई "दीर्घायु होस्" भन्नुहुँदै आशिर्वाद दिनुभयो। र सो बालक एकसय बीस वर्षसम्म बाँच्न सक्ने कुरा पनि जानकारी दिनुभयो। त्यहाँदेखि त्यस बालकलाई आयुवर्धक कुमार भनी नामाकरण पनि गरियो। त्यस बालक जवान भएपछि उसले पाँचसय



Downloaded from http://www.dhamma.digital

जवान उपासक उपासिकाहरूसँग मिलेर यताउती डुलिरहन्थ्यो । यो देखी भिक्षुहरूले "सात दिन मात्र बाँच्ने कर्म बाँकी रहेको बालक अब धेरै वर्षसम्म बाँच्न सक्ने भएर पनि पाँचसय उपासक उपासिकाहरू लिई डुलिरहेको छ । यसरी आयु बढ्नुको पनि केही त कारण हुनुपर्छ ।" भनी आयुवर्धक कुमारको बारेमा चर्चा गरिरहेको बेला भगवान् बुद्ध भिक्षुहरूकहाँ पुग्नुभयो ।

भिक्षुहरूको कुरा सुनी बुद्धले यस्तो भन्नुभयो— "भिक्षुहरू हो ! आयु मात्र होइन यस गुणवान व्यक्तिले अभिवादन र प्रणाम गरेको फलस्वरूप उसलाई चार फलहरू अभिवृद्धि हुन्छ, विघ्न बाधाबाट मुक्त हुन्छ र आयु रहेसम्म बाँची रहन्छ ।" यति बताउनु हुँदै भगवान् बुद्धले उपरोक्त गाथा भन्नुभएको हो ।

धर्मदेशनाको अन्तमा आयुवर्धक कुमार पाँचसय उपासक उपासिकाहरूसँगै स्रोतापत्ति फलमा प्रतिष्ठित भए । अरू पनि धुप्रै मानिसहरूले श्रोतापत्ति फल प्राप्त गर्न सफल भए ।

★★★

# धर्मको खुड्किला

– अ. सुमेधावती
(चिनदेवी शाक्य)

दान – दान दिन्लाई मन हुनु पर्दो रहेछ,
धन–सम्पत्ति भएर मात्र नहुँदो रहेछ,
श्रद्धा उत्पत्तिको कारणले मात्र,
दान पारमिता पूर्ण हुँदो रहेछ ।

शील – शीलको प्रभावले मन शुद्ध हुँदो रहेछ,
जो पाप गर्न डराउँछ त्यो शीलवान रहेछ,
सामाजिक जीवनमा शिष्ट व्यवहार र,
सदाचार पनि बनाउँदो रहेछ ।

भावना–भावनाको अभ्यासले मन एकाग्र हुँदोरहेछ,
एकाग्रताको कारणले सु–कर्म हुंदोरहेछ,
कर्म शुद्ध हुनाले शान्ति र सुख पाउँदोरहेछ,
यही शान्ति नै सु–मार्गको लक्ष रहेछ ।

प्रज्ञा – प्रज्ञावान व्यक्तिले कर्म सुधार्न जान्दछ,
जुन व्यक्तिमा अहंम् र द्वेषभाव हुन्छ,
त्यो ज्ञानी र मार्ग दर्शक हुन सकिन्देन,
ज्ञान हो जसले आफू र अरू दुबैलाई
जिउँदो राख्छ ।

# मन लाग्छ

– प्रदीप गुरुङ्ग
स्याङजा पंचमूल शिरुबारी

शान्ति क्षेत्र नेपालमा अन्याय र अत्याचारको
विरोधी भएर जिउन मन लाग्छ,
बुद्धको आदर्श छातीमा सजाएर
सेवा र करुणाको गाथा गाउन मन लाग्छ ।
शोषकी, जाली, फटाह र सामन्तीहरूको
संसारबाटै निर्मुल पार्न मन लाग्छ,
भौतिक सुखका निम्ति नैतिकता नै
बेच्नेहरूलाई यस धर्तीबाट लखेट्न मन लाग्छ ।
असत्य, अशान्ति र दुराचारले भिजेको माटोमा
सत्य र शान्तिको स्वर मच्चाउन मन लाग्छ,
गाउँ र बस्ती अनि टोल टोलमा पुगेर
बुद्ध धर्मको लहर फैलाउन मन लाग्छ ।
आध्यात्मिक चिन्तनमा ह्रास आउँदै
गरेको विश्वमा
बुद्धको आदर्श व्यवहारमा उतार्न मन लाग्छ,
टुटे फुटेको बौद्ध कला र सम्पदालाई
संरक्षण तथा सम्बर्द्धन गर्न मन लाग्छ ।



Downloaded from http://www.dhamma.digital

# विहारको महत्व

– सुमनादेवी शाक्य, चैनपुर

विहार भनेको एउटा पवित्र धार्मिक शिक्षाको केन्द्र स्थल हो । जहाँ जीवन मुक्तिको निमित्त प्रयाश गरिरहनु हुने भिक्षु श्रमणहरू बस्ने ठाउँ हो । जुनसुकै देश र ठाउँ–ठाउँको विहारको आ–आफ्नै प्रकारको विशेषता हुन्छ । बौद्ध विहार कुशल जीवनयापन गर्ने व्यक्तिहरूको लागि एउटा अभिन्न अंग हो ।

राजा बिम्बिसारले बुद्ध र भिक्षु संघलाई सर्वप्रथम वेलुवन विहार दान दिएका थिए । अनाथपिण्डिक महाजनले जेतवन विहार र विशाखाले पूर्वाराम विहार संघहरूलाई दान दिएका थिए । बुद्धकालीन समयमा जति विहारहरू थिए आजसम्म पनि नेपाल लगायत अरू देश–विदेशहरूमा थुप्रै विहारहरू छन् । जहाँ भिक्षु, भिक्षुणीहरू बस्नु हुन्छ, त्यहाँ सम्यक सम्बुद्धको अमूल्य उपदेशहरू सुन्न पाइन्छ । सुने अनुसार आचरण गरी धारण र पालन गरेमा सबैको कल्याण नै हुन्छ । नेपालको पश्चिम तराईको लुम्बिनीमा जन्मनु भएको बुद्धको धर्म अन्तर्राष्ट्रिय धर्म बन्न पुगेको छ । तर "दियो मुनी अँध्यारो" भने झैं यो उखान नेपालमा लागू भएको छ ।

विहार मात्र भएर पुग्दैन त्यहाँ भिक्षु भिक्षुणीहरू हुनुपर्‍यो अनि मात्र विहारको शोभा हुन्छ । विहारमा महिनाको चारवटा पर्व परेको हुन्छ । पूर्णिमा, औंशी, २ वटा अष्टमी । त्यसदिन भेला भई धार्मिक कार्यक्रमहरू गरिन्छन् । जब हामी त्यहाँ प्रवेश गर्छौ, त्यतिखेर मननै हलुका, स्वच्छ, सन्तुलित अनुभव हुन्छ । यहाँ सबैलाई समान दृष्टिले हेरिन्छ, यसभित्र संघ संस्थाहरू रहेको हुन्छ, विभिन्न विचारधाराका मानिसहरू जमघट भई आ–आफ्नो विचारको आदान–प्रदान भइरहन्छ । त्यसबाट पनि ज्ञान हासील गर्न मदत मिल्छ । संघले मिलेर गरेको काममा दोष त्यति आउँदैन । "समग्गानं तपो सुखो" सबैसँग मिलेर बस्नु सुख हो भनी बुद्धले भन्नुभएको छ ।

धर्मउपदेश दिने काम भिक्षु भिक्षुणीहरूको हो भने सुनेर धारण पालन गर्नु उपासक उपासिकाहरूको काम कर्तव्य हो । विहार सफा सुग्घर गर्नु, मरमत गर्नु, भिक्षु भिक्षुणीहरूको सेवा सत्कार गर्नु, धर्म अनुसार आचरण गर्नु हो । विहारलाई एउटा शान्तिको केन्द्र बनाउनुमा चार परिषद्हरूको ठूलो भूमिका हुन्छ । विहारकै माध्यमद्वारा हामीले उचित शिक्षा हासिल गर्न सक्छौं र तालिम दिने ठाउँ नै विहार हो ।

सम्यक सम्बुद्धको शिक्षामा अनुभवमा सुख दुःखको मूल कारण ईश्वर नभई मन नै भएकोले यसै मनलाई तालिम गरी वशमा लिनसके मन, वचन, शरीरले कुशल कर्म गरी स्वतः सुख प्राप्त गर्न सक्नेछौं । अरू त्यसभन्दा माथि पुगे निर्वाण नै लाभ गर्न सकिन्छ । त्यसको लागि हरेक व्यक्तिले आ-आफ्नो स्वभाव अध्ययन गरी मनको विकार हटाउने प्रयास गरेमा सबैसँग मेल–मिलाप भई स्वतः शान्ति स्थापना हुन्छ । चरित्रको सुधार र चित्तको शुद्धिमा नै वास्तविक कल्याण छ ।

हामी विहार जाने गरेकाछौं, बौद्ध संघ संस्थामा काम गरिरहेका छौं अध्ययन अध्यापन गरिरहेका छौं । भनौं कि बुद्ध धर्म प्रचार प्रसारमा लागिरहेका छौं । तर हामीले कहिले कुनै क्षण विचार गरेका छौं ? हाम्रो व्यवहारिक जीवन कति निर्दोष छ । हृदय कति स्वच्छ हुँदै गइरहेछ, संकुचित विचार कति हट्यो, अन्धविश्वास



Downloaded from http://www.dhamma.digital

कति हुदैं गइरहेछ मनको शत्रु राग, द्वेष, मोह, ईर्ष्या, भय, कति घट्दै गइरहेछ, यदि घटेर जानुको सट्टा बढेको त छैन ? यदि यसो हो भने हामीले एकचोटी होश पुऱ्याउनु पऱ्यो । फेरि एकचोटी प्रयत्न गर्नुपऱ्यो हृदयबाट यस्ता शत्रु हटाउन ।

बुद्ध शिक्षाको मापदण्ड नै हृदयलाई विकार विहीन बनाउनु हो । व्यक्ति व्यक्तिको चित्त स्वच्छ र सन्तुलित पारी स्वस्थ परिवार, समाज, देश र स्वस्थ संसार निर्माण गर्नु हो । यस्तो किसिमको शिक्षा हासिल गर्ने ठाउँ विहार भएकोले मानव जीवनमा यसको ज्यादै ठूलो महत्व रहेको देखिन्छ ।

★★★

# अब सुमार्गमा लाग

– हरिकृष्ण श्रेष्ठ, धरान–१२

अष्टमीमा बोका अघि लगाई जाने प्राणी हो
कहिले काहीं तिमी आफू पाठी बोका भैं
कल्पना गर
तिमीलाई पनि त्यसरी मूर्तिमा भोग दिए भने
आफूलाई कस्तो सम्झना गर्छौ ।

संसारमा रहेको सबै प्राणी एकै हो भनी सम्झ
काटमार अहिंसा नगरी पुण्यको बाटोमा लाग
झुठो बोल्ने अनुचित कार्यमा न लागि
सबैं सत्मार्गमा लाग ।

चौरासी लाख जूनिमा भ्रमण गर्ने प्राणी हो
हामी पनि कुनै दिन यसरी नै भोग्नु पर्छ
बुद्धको शिक्षालाई मनन गरी कार्य गऱ्यो भने
कुनै पनि प्राणी दुःख देखि मुक्त हुनेछ ।

# संयुक्त निकाय

– भिक्षु विशुद्धानन्द

१. जरा सुत्त (१.६.१)
२. अजरसा सुत्त (१.६.२)

कुन चाहीं चिज छ
जुन बृद्धावस्थासम्म ठीक छ
स्थिरता पाउनको लागि के ठीक छ ?
मनुष्यहरूको रत्न के हो ?
के चोरहरू द्वारा चोर्न सक्दैनन् ?

उत्तर– शील पालन गर्नु बृद्धावस्थासम्म ठीक छ,
स्थिरताको लागि श्रद्धा ठीक छ,
प्रज्ञा मनुष्यहरूको रत्न हो,
पुण्य चोरहरूले चोर्न सक्दैनन् ।

३. मित्त सुत्त (१.६.३)

यात्रिको को मित्र हो ?
आफ्नो घरमा को मित्र हो ?
काम पर्दा को मित्र हो ?
परलोकमा को मित्र हो ?

उत्तर– हतियार यात्रिको मित्र,
आमा मित्र घरकी,
काम पर्दा मित्र बन्छ,
बारम्बार सहयोगी,
हुन्छ मित्र परलोकमा,
जो गरेको छ आफूले पुण्य ।

★★★



Downloaded from http://www.dhamma.digital

# हेतु पच्चयको अर्थ (पट्ठान)

– अ. अनोजा

भगवान् सम्यक सम्बुद्धले बुद्धगयामा बोधिवृक्ष मुनि बुद्धत्व प्राप्त गर्नुभयो। बुद्धत्व प्राप्तीको तीन सप्ताहपछि अर्थात् चौथौं हप्तामा रत्नाधरमा गई ध्यान गरेर बस्दा बस्दै वहाँलाई अभिधर्म र पट्ठानको विषयमा यथार्थ ज्ञान प्राप्त भयो। ध्यानको ऋद्धिबलद्वारा सम्पूर्ण शरीरको रोम रोमबाट दिव्यरश्मि प्रज्वलित भएको कथन छ। त्यही रश्मिको आधारमा बौद्ध मार्गीहरूले झण्डाको रूप दिई पञ्चरंगी बौद्ध झण्डा निर्माण गरेको थियो।

बौद्ध देशहरूमा पट्ठानलाई आत्मविश्वास पूर्वक पाठ गराइन्छ। यस पाठबाट बिघ्नबाधा, भय, रोग आदिबाट मुक्त हुन्छ र यसको प्रचलित नाम हेतु पच्चय हो। पठान २४ प्रकारका छन्। यसको संक्षिप्त अर्थ यहाँ उल्लेख गर्दैछु।

यस पट्ठान पाठ श्रवण मात्रले पनि ठूला–ठूला रोग व्यथा निरोध भएका कथाहरू पनि त्रिपिटकहरूमा उल्लेख भएको पाइन्छ। त्यति मात्र होइन हाल पनि यसको बारेमा सुन्दै र देख्दै पनि आइरहेका छन्। यसमा श्रोता र पाठकगणको श्रद्धा र आत्मविश्वासको ठूलो भूमिका भएको हुन्छ। तर श्रद्धाले विभोर भई सतर्क भई अर्थ लगाएर सुन्न सकेमा मात्र ठूला–ठूला रोग व्यथा निको हुन सक्छन्।

१. हेतु प्रत्यय (हेतु पच्चयो)—हेतुको अर्थ मूलकारण वा आधार।

लोभ, दोष, मोह— अकुशल हेतु।

अलोभ, अदोष, अमोह— कुशल हेतुको मूलकारण हो। यो संसारमा जतिपनि मानसिक र शारिरीक, कुशल वा अकुशल कार्यहरू गरिन्छन् ती सबैको मुख्य आधार हेतुको उत्पत्ति र बिनाश धर्मबाट भइरहेको छ। यही नै हेतु प्रत्यय हो।

२. आलम्बन प्रत्यय (आरम्मण–पच्चयो) —आरम्मणको अर्थ विषय वा आधार।

जुन वस्तुको आधार लिई अरू वस्तु उत्पन्न हुन्छ, त्यसलाई आलम्बन प्रत्यय भन्दछन्।

उदाहरण—चक्षु विज्ञान रूप आयतनमा आधारित छ। चक्षु विज्ञानबाट रूप आयतन।

श्रोत विज्ञानबाट शब्द आयतन।

घ्राण विज्ञानबाट गन्धायतन।

जिह्वा विज्ञानबाट रसायतन।

काय विज्ञानबाट स्पर्श आयतन।

यो सबै धर्म मिलेर मन विज्ञान–धातु र आलम्बन–प्रत्ययको रूपमा भएको हो। जुन प्रत्ययको आधारमा उत्पन्न हुन्छ, त्यो आलम्बन प्रत्यय हो।

३. अधिपति–प्रत्यय (अधिपती पच्चयो)– मालिक जुन वस्तु उत्पन्न हुनको लागि जुन धर्मको इच्छा संयुक्त भएको छ त्यो नै अधिपति प्रत्यय हो। यसमा चार प्रकारका अधिपति छन्। ती यसप्रकारका छन् :—

(१) छन्द (इच्छा) (२) विरिय (उद्योग)
(३) चित्त (मन) (४) वीमंसा (प्रज्ञा)

४. अनन्तर–प्रत्यय (अनन्तर पच्चयो) – यदि केही वस्तु आफ्नो पछाडी आउने वस्तुको उत्पत्तिमा सहायता भयो भने त्यही अनन्तर प्रत्ययसंग सम्बन्धित छन्। 'पट्ठान' मा भनेको छ "यसं यसं धम्मानं अनन्तरा ये ये धम्माउप्पज्जन्ति तेसं तेसं धम्मानं अनन्तर अनन्तर पच्चयेन पच्चयो" जुन जुन धर्मको अनन्तर हुन्छ त्यो



Downloaded from http://www.dhamma.digital

पहिलाको धर्म पछि आउने धर्मको प्रति अनन्तर पच्चयोको रूपमा प्रत्यय हुन्छ।

उदाहरण—चक्षु, स्रोत, घ्राण, जिह्वा, काय जोडेर मनोधातु त्यसमा संयुक्त हुन्छ। कुशल, अकुशल र अव्याकृत धर्म उत्पत्तीको लागि अनन्तर प्रत्ययको प्रत्यय हुन्छ।

५. समनन्तर-प्रत्यय (समनन्तर पच्चयो)– बिलकुल अनन्तर प्रत्यय जस्तै हो।

६. सहजात–प्रत्यय (सहजात पच्चयो)— जब केही धर्म अरू धर्मसँग साथसाथै उत्पन्न हुन्छ भने ती दुईको बिचमा भएको सम्बन्धलाई सहजात प्रत्यय भनिन्छ।

उदाहरण—रूप र नाम (संज्ञा, वेदना, संस्कार र विज्ञान) एक अर्कासँग सहजात प्रत्ययको रूपमा सम्बन्ध हुन्छ, किनभने एकैसाथ उत्पत्ति विनाशको साथसाथ उत्पन्न हुने प्रत्ययलाई सहजात प्रत्यय भन्दछन्।

७. अन्योन्य-प्रत्यय (अञ्ञमञ्ञ पच्चयो) नाम, रूप एकले अरूलाई परस्पर उपकार गर्ने कार्यलाई भनिन्छ। (परस्पर एक अरूसँगको विश्वासबाट उत्पन्न हुने धर्मद्वारा आफुमा सम्बन्ध छ।) यहाँ पनि माथि दिइएको उदाहरण दिएको छु। रूप र नाम (संज्ञा, वेदना, संस्कार र विज्ञान) आफु र अरूसँग विश्वासबाट उत्पन्न भएको छ। उपठम्बकमा उपकार हुन्छ त्यसलाई अञ्ञमञ्ञ पच्चयो भनिन्छ।

८. निश्रय–प्रत्यय (निस्सय पच्चयो)— निश्रयको अर्थ आधार आश्रय। वृक्षको आधार पृथ्वी हो। त्यस्तै जुन धर्मको उत्पत्ति जुन धर्मको आधारमा हुन्छ उसप्रति उसको निस्सय–प्रत्ययको सम्बन्ध छ।

उदाहरण—चक्षु, स्रोत, घ्राण, जिह्वा, काय आयतनको आधार लिएर चक्षु विज्ञान, स्रोत, घ्राण, जिह्वा, काय विज्ञानको उत्पत्ति हुन्छ त्यसकारण यस बिचमा निश्रय–प्रत्ययको सम्बन्ध छ।

९. उपनिश्रय–प्रत्यय (उपनिस्सय पच्चयो) —उपनिश्रयको अर्थ (नजिकको आधार) हो बलवान, ताकत भएको, कसैसँग नडराउने आधार कुशल धर्महरूको दृढ आधार भएको पहिलोको कुशल धर्म भएको हुन्छ। यहि उसको बिचको सम्बन्धलाई उपनिश्रय प्रत्यय भनिन्छ।

१०. पुरेजात–प्रत्यय (पुरेजात पच्चयो)– पहिला उत्पन्न भएको वर्तमान अवस्थासम्म उपकार हुने धर्मलाई पुरेजात प्रत्ययसँग सम्बन्धित भएको मानिन्छ।

उदाहरण—चक्षु विज्ञान, धातु आदिको उत्पत्तिबाट पहिले चक्षु आयतन आदिको उत्पत्ति भएको हुन्छ। त्यस पुरेजात प्रत्ययसँग सम्बन्धित छ।

११. पश्चात–प्रत्यय (पच्छाजात पच्चयो) शरीरको उत्पत्ति पहिला हुन्छ, त्यसमा (उसमा) गरम चित्त र चेतसिक उत्पन्न हुन्छ। अतः दुईटा बिचको सम्बन्ध पश्चाजात–प्रत्यय हुन्छ।

पछिल्लो उत्पन्न हुने चित्तले पहिलाको चित्तलाई मद्दत दिने।

१२. आसेवन–प्रत्यय (आसेवन पच्चयो)– आसेवनको अर्थ बराबर बढाउने। केही धर्म बराबर अभ्यास गरेर अर्काको धर्म जन्माउने र त्योसँग उसको आसेवन प्रत्ययको सम्बन्ध हुन्छ।

उदाहरण – प्रत्येक कुशल धर्मको उत्पत्ति पहिलाको कुशल धर्म आसेवनको अभ्यासबाट हुन्छ। त्यसकारण दुईवटाको बिचमा आसेवनको सम्बन्ध छ।

१३. कर्म–प्रत्यय (कम्म पच्चयो)—केही बिज कर्म विपाक पहिला गरेको कुशल वा अकुशल



Downloaded from http://www.dhamma.digital

धर्मलाई कर्म विपाक भनिन्छ । त्यसकारण कुशल वा अकुशलको बिचमा भएको कम्म-प्रत्यय हुन्छ ।

१४. विपाक-प्रत्यय (विपाक पच्चयो)— वेदना, संज्ञा, संस्कार र विज्ञान स्कन्धहरुको विपाक स्वरूप हुन्छ त्यस बिचको विपाक प्रत्यय हुन्छ ।

१५. आहार-प्रत्यय (आहार पच्चयो)— भोजनबाट हाम्रो शरीर बनेको छ । त्यसकारण शरीर भोजनप्रति आहारप्रति सम्बन्ध छ । आहार ४ प्रकारका छन् :—

(१) कावलिकार आहार (२) फस्स आहार
(३) मनोसंचेतना आहार र (४) विज्ञान आहार

१६. इन्द्रिय-प्रत्यय (इन्द्रिय पच्चयो)— अभिधर्म अनुसार इन्द्रियहरू २२ प्रकारका छन्। यी यस-प्रकारका छन् :—

१. चक्षु, २. श्रोत, ३. घ्राण, ४. जिह्वा, ५. काय, ६. मन, ७. स्त्री, ८. पुरुष, ९. जिबितेन्द्रिय, १०. सुखेन्द्रिय, ११. दुःखन्द्रिय, १२. सौमनस्य इन्द्रिय, १३. दौर्मनस्य इन्द्रिय, १४. उपेक्षा इन्द्रिय, १५. श्रद्धा, १६. विर्य, १७. स्मृत्ति, १८. समाधि, १९. प्रज्ञा, २०. अनाज्ञातमाज्ञास्यमीन्द्रिय, २१. आज्ञेन्द्रिय, २२. आज्ञात वीन्द्रिय ।

१७. ध्यान-प्रत्यय (झान पच्चयो)— उपकार दुइवटा पञ्चविज्ञानलाई छाडेर सुख-दुःख वेदना-सँग पाँचवटा ध्यान अंगलाई ध्यान-प्रत्यय भन्दछन् ।

१. वितक्क विचार पीतिसुखेकग्गता सहितं पठम ध्यान,
२. विचार पीतिसुखेकग्गता सहितं दुतिय ध्यान,
३. पीतिसुखेकग्गता सहितं ततिय ध्यान,
४. सुखेकग्गता सहितं चतुत्थ ध्यान,
५. उपक्खेकग्गता सहितं पञ्चम ध्यान,

१८. मार्ग-प्रत्यय (मग्ग पच्चयो) --अर्थ — यी धर्मले सत्काय-दृष्टि, आदि क्लेशलाई हटाई अपाय दुःख र वट्ट दुःख अन्त गरी निर्माणसम्म पुऱ्याइदिनमा समर्थ भएकोले मार्ग (मग्ग) भनिन्छ ।

कुशलादी १२ वटा मार्गको मग्ग-प्रत्यय भनिन्छ । मार्ग १२ प्रकारका छन् । जस्तै —

१. सम्मा दिट्ठि – सम्यक दृष्टि,
२. सम्मा-संकप्प – सम्यक-संकल्प,
३. सम्मा-वाचा – सम्यक-वचन,
४. सम्मा-कम्मन्त – सम्यक-कर्मान्त,
५. सम्मा-आजीव – सम्यक-आजीविका,
६. सम्मा-वायाम – सम्यक-व्यायाम,
७. सम्मा-सति – सम्यक-स्मृति,
८. सम्मा-समाधि – सम्यक-समाधि,
९. अलोभ,
१०. अदोष,
११. अमोह,
१२. अक्लेश,

१९. संयुक्त-प्रत्यय (सम्पयुत्त पच्चयो)– एक वस्तु एकारम्मन, एकुप्पाद, एक निरोध संस्खतबाट उपकार भएको अरूप धर्मलाई सम्पयुत्त-प्रत्यय भन्दछन्।

२०. वियुक्त-प्रत्यय (विप्पयुत्त पच्चयो)– भौतिक र मानसिक, मानसिक र भौतिकसँग विप्पयुत्त प्रत्ययको सम्बन्धबाट सम्बन्धित किनभने दुईवटाको स्वभाव एक अरूसँग वियुत्त भएको छ त्यसैकारण विप्पयुत्त प्रत्यय भन्दछन् ।

२१. अस्ति-प्रत्यय (अत्थि पच्चयो)—जुन धर्म उपस्थित र राम्रोसँग फैलेर (व्याप्त भएर) अरू धर्म उत्पत्ति हुने अनिवार्य हुन्छ भने त्यो दुईवटाको बिचमा अस्ति-प्रत्ययको सम्बन्ध भएको हुन्छ । सबै



Downloaded from http://www.dhamma.digital

भौतिक विकारहरूको उत्पत्तिको कारण चार महाभूत (पृथ्वी, आपो, तेजो, वायो) को उपस्थित हुनु अनिवार्य छन्। चार महाभूतको विकारसँग अस्ति–प्रत्ययसँग सम्बन्धित छन् ।

२२. नास्ति–प्रत्यय (नत्थि पच्चयो)— उपस्थित नभएको नफैलिएको केही धर्मबाट अरू धर्मको उत्पत्तिमा सहायता गर्छ भने आफै उत्पन्न भएको धर्म सम्बन्ध नत्थि–प्रत्यय सम्बन्धित भएको हुन्छ । जुन चित्त र चैतसिक एकै छिनमा समाप्त हुन्छ । एकै छिनमा अविद्यमानबाट नै उत्पन्न भएको चित्त र चैतसिक नास्ति–प्रत्ययको सम्बन्ध भएको छ ।

२३. विगत–प्रत्यय (विगत पच्चयो)— बिलकुल उपयुक्त प्रत्यय जस्तो हो ।

२४. अविगत–प्रत्यय (अविगत पच्चयो)— अविगत भावबाट उपकार भएको धर्मलाई अविगत–प्रत्यय भन्दछन् ।

---

# मन पापी

– माधवी

हे मन मूर्ख छाय् पापी जुया ?
सुखसी धाधां दु:ख जक जुल ।।
न्हापाया काल, गति आ: छुं मखुत ।
अत्याचार बढे जुजूं वल मनूतेके ।।

मनूते नुगले धर्म तना वल ।
ज्ञान बुद्धि फुक्कं ज्वया फुत ।।
लोभ व पाप मन बढे जुया ।
लाको पाको मनूनं सना हल ।।

त्यो मत्यो छुं भापी मफया ।
थ: कति लाकेगु योजना गोयाहल ।।
मोह मायाया जाले तक्यंका ।
धर्म व कर्तव्य पंगल: ज्वीकल ।।

म्हुतुं छता धया ज्यां छता याना ।
व्यवहार फ्वन फ्वन पाका हल ।।
ह:ना बहना धँइगु तना वल ।
प्रत्येक व्यक्तिया बिचे च्वकानायो पिज्वल ।।

वातावरणं पाका ह:गु ख:ला ।
मनूत पापी जुया वोगु ख:ला ।।

तू द्वंय् प:का माले थाकुथें ।
सत्पुरुष दुर्लभ जुया वल ।।

थ:थें भिंपि सुं मदुथें ताया ।
कत:या दोष जक माला हया ।।
कलहया पुसा जक होला हल ।
शान्ति कायगु थाय् तना वल ।।

छु जूगु ख: हे सखिपिं ।
स्वैके न्यने थ्व खँया बारे ।।
यदि बुद्ध दुगु जूसा ।
चित्त बुके जुइक कनी कीत ।।

बुढा पाकतेगु भनाइ दु ।
कलियुग वल कि थन ।।
क्वजि हनेगु इपा वै ।
थ्वहे वचन सत्य जुया वल ।।

संगत यायनु ज्ञानिजनपिं ।
न्यनेनु कीसं बुद्धया उपदेश ।।
जागरण हेनु हे सखिपिं ।
स्मृति तया थ:गु चित्त म्हसीकेनु ।।



Downloaded from http://www.dhamma.digital

# भिक्षुपिं व अनगारिकापिनि थःथःगु विचार आदान प्रदान

स्थान– श्रीकीर्ति विहार, कीर्तिपुर

भिक्षु सुनन्दं दिवंगत थः मांया पुण्य–स्मृतिस भिक्षु संघयात व अनगारिका संघयात दान प्रदान याना बिज्याःगुया नापं "थेरवाद बुद्ध शासन उत्थान"या बारे २०५३ जेठ ४ गते खुन्हु भिक्षुपिनि व २०५३ जेठ ५ गते खुन्हु अनगारिकापिनि बिचे थःथःगु बिचाः आदान प्रदान जूगु समाचार दु। उगु विषयले भिक्षु अनगारिकापिसं प्वंका बिज्याःगु थःथःगु बिचारधाराया संक्षिप्त विवरण थुकथं खः।

भिक्षु बुद्धघोष महास्थविर—"थेरवाद बुद्ध शासन चिरस्थायी ज्वीकेगु लागी भिक्षुपिनि थवंथवे एकता दय्केमाः। छाय् धाःसा समग्गानं तपो सुखो अर्थात् एकता दुपिनि तपचर्या नं सुखकर खः। एकताया लागी मैत्रीचित्त नं मदय्क मगाः।"

भिक्षु अश्वघोष—"धर्म प्रचार याइपिं भिक्षुपिंके बुद्ध धर्मया सही ज्ञानया नापं व्यवहार नं बांलाय्माः। गाँ–गामे वनेबले थःत मानेयाका च्वनेगुली जक मन मछ्वसे थःत प्राप्त जूगु सुविधाय् मन सन्तोष ज्वीके फय्वयमाः।"

भिक्षु कुमार काश्यप—"बुद्ध धर्म प्रचार याइपिं भिक्षु, भिक्षुणी, उपासक, उपासिकापिं प्यचाः घःचाःया रूपे बौद्ध परिषद्‌पिं दुगुली थौंकन्हे भिक्षुणी शासन मदया छचाः घःचाः मदया च्वन। उकीया थासे अनगारिकापिन्त भिक्षुणीया मान्यता ब्यूसा प्यचाः घःचाः पुवना धर्म प्रचार ज्या न्ह्याय्‌त अःपुइ।"

भिक्षु सुदर्शन—"आनन्दभूमि, धर्मकीर्ति पत्रिका बुद्ध धर्मया ख्वाःपाः व धर्म प्रचारया माध्यम खः। थुकिं परियत्ति शिक्षा बल्लाइगु जूगुलिं भिक्षुपिं थःहे ग्राहक जुया व ग्राहकत मुनेगु ज्याय् तिबः बीगु बांलाइ।"

भिक्षु बोधिसेन—"भिक्षुसंघं पास यानातःगु नियम विस्तारं पयासुया वल। उकें भिक्षुसंघं नियम बांलाक पालन याय्‌गुबारे ध्यान बीमाल।" न न्याः वा मगाःथें जुइ मजिल।

भिक्षु भद्दिय—"भिक्षुपिं अष्टपरिष्कार दान काय्‌गुली आशाकुती पहः अपो जुल। इना काय्‌गुली लोभी पहः पिकाय् मजिल।"

भिक्षु कौण्डण्य—"भिक्षु अश्वघोष, भिक्षु ज्ञानपूर्णिक व भिक्षु सुदर्शन नां दँपिं व विद्वानपिं छधी छधां जूसा बुद्ध शासन थकाय् फैला ?"

भिक्षु धर्ममूर्ति—"भिक्षु सुनन्द स्थविरया बौद्ध धयाःपस दय्केगु योजना बांलाःगु खः। थुकी बांलाक बिचार गाका भिक्षुपिसं सहयोग बीमाली।"

भिक्षु सुनन्द—"भिक्षुपिनि बिचार आदान प्रदान व छलफलया लागी हे थौंया कार्यक्रम देकागु खः। बांबांलागु खँत पिहांवल। तर सुदर्शन भन्ते नं परियत्तिया जक खँ न्ह्यथना बिज्यात। प्रतिपत्ति (व्यवहार बांलाकेगु) या बारे छुं धया बिमज्याः।"

भिक्षु कालुदायि थःगु विहारे टेलिफोन दुसां नं थःम्हं प्रयोग याय् मदुगु समस्या न्ह्यथना बिज्यात धाःसा भिक्षु वरसम्बोधि नं थःगु मन्तव्य बियाबिज्यात। अथे हे भिक्षु संवेगकीर्ति गाँ–गामे च्वंगु विहारपाखे भिक्षुसंघं ध्यानतया बिज्याय् माल धैगु थःगु नुगः खँ प्वंका बिज्यात।



Downloaded from http://www.dhamma.digital

अनगारिका सुशीला —“अनगारिकापिं व भन्तेपिं परस्पर मिलेचले जुया बुद्ध धर्म प्रचार प्रसार ज्याय् न्ह्याज्याय्माः। थकालो हनेगु व क्वकालीपिन्त मैत्रीपूर्वक गुहाली याय्गु प्रथा दय्माः, छें खापति चाःह्यू ज्वीगु कुबानी तोतेमाः।”

अ. धम्मवती —“थेरवाद, महायान व बज्रयान स्वथी बुद्धमार्गीपिं दय्का छिपिं जिपिं धाय्गु बानी दत्तले क्षीगु बुद्ध शासन उन्नती मखु पतन हे जक ज्वी। उकें थुपिं स्वंगू यानपिनि बिचे नं छिपिं जिपिं धयागु भाव हटेयाना क्षी धयागु भावना दय्माल। अनगारिकापिं व भन्तेपिनि बिचे तताक्यहें व दाजुकिजाया हिसावं परस्पर सहयोगया भावना दय्का, बुद्धया शिक्षा प्रचार प्रसार याय्गुली न्ह्याज्याय्माः।”

अ. चमेली—“छुं मस्यूपिं छ्यों गो खाकेगु हिसावं जक त्यागी मजूसे शिक्षा सय्का सीका जक त्यागी जूसा बुद्ध शासनया उन्नति याय्गु ज्याय् तिबः दइ।”

अ. अनुपमा—“अनगारिका संघय् सं खाय्गु दिन तोके याय्गु व परित्राण पाठ याय्बले ल्हाः बिन्ती याय्गु नियमे एकरूपता दय्केमाल।” (क्षीयाय् बिन्ति मयासा ज्यू। सं०)

अ. वीर्यवती —“बुद्ध शासन चिरस्थायी ज्वीकेत भिक्षु, भिक्षुणी, उपासक, उपासिका, प्यपुचःयात प्यचाः धःचाःया रूपे तालेलाक छ्यलेमाःगुलिं अनगारिका संघं भिक्षुणीयागु थाय् काय्माःगु दु। उपदेश व शिक्षा प्रचार याय्गुली जक सीमित मजुसे थःके च्वंगु कुबानीत हटे याना भिंगु आचरणयात व्यवहारे छ्यलेगु नं कुतःयाय् माःथें च्वं।”

अ. सत्यपारमी—“न्ह्यागु क्षत्रे नं अनुशासन माः। सकलें भन्ते गुरुमांपिं थवंथवे मिलेचले जुया थकाली क्वकाली बिचे परस्पर अनुशासन व हनाबना दय्माः।”

अ. कुशुम—“थःगु चरित्रंनं सुधार याय्गु। अले जक उपासक उपासिकापिनि न्ह्योने शिक्षा बीगु। थकालिपिं गुरुमांपिसं क्वकालिपिं गुरुमांपिन्त ओवाद बीगु व कोकालिपिसं ओवाद काय्गु मौका चुकेयाय् मज्यू।”

अ. पञ्ञावती —“बाखं कनेत थःकेंनं अध्ययन माः। उकें मेपिन्त स्यनेकने याय्न्ह्यो गज्याःगु स्तरया-पिन्त गुकथं कनेमाः धयागुबारे प्रशिक्षण माः।”

अ. चित्तावती—“थकालीपिंसं क्वकालीपिन्त मैत्री तय्गु, इमिगु समस्यायात च्वीका बाँलाःगु व्यवहार याःसा तिनि क्वकालीपिंसंनं थकालीपिनि उपरे थःम्हं याय्माःगु कर्तव्यत पालेयाय् न्ह्याइ।”

थुगु कार्यक्रमे अ. नेक्खमी, अ. पताचारी, अ. बिजीता, अ. किशागोतमी आदिपाखें नं थःथःगु मन्तव्य प्वंका बिज्याःगु दु।

★★★

# भक्ति गीत

– गौतम बीर बज्राचार्य
बुबहाल, ललितपुर

हे प्रभु भगवान् देउ मलाई तिम्रो ज्ञान
दीन दुःखीलाई सदा गर्न सकुँ म कल्याण

भक्ति जब गर्छु म दुःखीयो मनले शक्ति मैले पाएँ
ज्ञान जब पाउँछु म प्रभुकै दयाले अज्ञानलाई हताएँ
हे प्रभु भगवान् दरशन देऊ दुःखीयो अज्ञानीलाई

ध्यान जब गर्छु म प्रभुकै नाम लिई सुख मैले पाएँ
विश्वभरी नै शान्तिको लागि सधैं बुद्धकै शिक्षागाएँ
हे प्रभु भगवान् दरशन देऊ दुःखीयो अज्ञानोलाई



Downloaded from http://www.dhamma.digital

**२०५३ श्रावण १९ गते – त्यागी को हुन् ?**

भिक्षु अश्वघोष महास्थविरले "त्याग र त्याग गर्नुपर्ने" विषयमा बताउनु हुँदै भन्नुभयो—"बुद्धको पालामा बुद्ध र पोतलिय साहुको बिच त्याग र त्याग गर्नुपर्ने विषयमा छलफल भएको थियो।"

एकदिन पोतलिय नाम गरेको साहुले बुद्धलाई भेट्न जाँदा बुद्धले उनलाई गृहपति पुत्र भनी सम्बोधन गर्नुभएको रहेछ। बुद्धको यस प्रकारको सम्बोधनले उ रिसाउँदै बुद्धलाई भनेछ—"मैले खेती, व्यापार र सम्पत्ति सबै त्याग गरिसक्दा पनि मलाई तपाईंले किन गृहपति पुत्र भन्नुभएको ?"

यो कुरा सुनी बुद्धले भन्नुभयो—"तिम्रो त्याग र आर्य धर्म संस्कृति अनुसारको त्यागमा ठूलो फरक छ। किनभने आर्य संस्कृति अनुसार त्यागीले यी ८ वटा तत्वहरूको पनि त्याग गर्न सक्नु पर्छ।"

१. अरूलाई दुःख हुने हिंसा कर्म, २. चोरी गर्नु, ३. झूठो कुरो बोल्नु, ४. चुकली गर्नु, ५. लोभ गर्नु, ६. अरूको निन्दा गर्नु, ७. रिसाउनु, ८. अहंकारी बन्नु।"

बुद्धले फेरि भन्नुभयो—"साँच्चिकै आर्य संस्कृति अनुसार त्यागी हुने हो भने यी ८ प्रकारका अकुशल कर्म क्लेशहरूलाई त्याग गर्नुको साथसाथै सांसारिक भोग-बिलासबाट पनि टाढा रही आध्यात्मिक उन्नति गर्दै सधैं होशियारीपूर्वक रही शान्ति प्राप्त गर्न सक्नु पर्छ। के तिमीसँग यी ८ गुणहरू छन् ?

यो कुरा सुनी पोतलियले आफ्नो गल्तीलाई महसुस गर्दै भन्यो—"मसँग यस्ता गुणहरू केही छैन त्यसैले म यो दर्जाबाट धेरै टाढा रहेछु।"

**भौतिक शिक्षापछि आध्यात्मिक उन्नति**

**२०५३ श्रावण २६ गते**

संचालक – कमलमुनी शाक्य
सभापति – इन्द्रकुमार नकर्मी

अध्ययन गोष्ठीको साप्ताहिक कार्यक्रम अनुसार अ. वीर्यवतीले लौकिक शिक्षाको महत्व बारे बोल्नु हुँदै भन्नुभयो—भगवान् बुद्धले धर्म प्रचार गर्ने सिलसिलामा सबभन्दा पहिले लौकिक शिक्षालाई प्राथमिकता दिनु भएको र अनि मात्र लोकूत्तर शिक्षा बारे बताउनु भएको देखिन्छ। किनभने आर्थिक र शारीरिक स्थिति कमजोड भइराखेको व्यक्तिको मन पनि कमजोड हुने भएकोले उसँग मुक्ति प्राप्त हुने ज्ञान र निर्वाण जस्ता गम्भीर विषयलाई बुझ्न सक्ने क्षमता नै हुँदैन। त्यसैले बुद्धले भन्नुभएको छ, सबभन्दा पहिले मानिसहरूको जीवनस्तर सुधार्न नसई नहुने यी आधारभूत आवश्यकताहरूलाई ध्यान दिनु जरूरी देखिन्छ।

१. खानपिन २. लुगा ३. बस्ने ठाउँ ४. औषधी।

भोकाएको व्यक्तिले सांसारिक दुःखबाट मुक्त हुने ज्ञानका कुरा बुझ्नु अगाडि भोक मेट्नेतिर पहिला आफ्नो ध्यान लगाउँछ। सिद्धार्थ कुमारले खाना नखाईकन ध्यानको बलले ज्ञान खोज्ने प्रयास गर्दा गर्दै शरीर कमजोड भई स्मरणशक्ति गुमाउनु भयो र फल-स्वरूप उहाँले आफु केको लागि दरबार त्यागेका भन्ने कुरा पनि बिर्सनु भयो। त्यसैले बुद्धले भन्नुभयो – भोक नै ठूलो रोग हो र सबै प्राणीहरू आहारमा निर्भर छन्। त्यति मात्र होइन मानिसहरूका लागि लुगा, बस्ने ठाउँ र बिरामी पर्दा औषधी पनि अत्यन्त आवश्यक हुन्छ।



Downloaded from http://www.dhamma.digital

बुद्धले भन्नुभएको छ—"रोगी सेवा गर्नु नै ठूलो धर्म हो। जसले रोगीको सेवा गर्छ उसले मेरो सेवा गरेको बराबर हुन्छ।" त्यति मात्र होइन बुद्धले शिक्षालाई पनि विशेष जोड दिनुभएको छ। बुद्धले भन्नुभएको छ -"विवेक बुद्धि सहितको प्रज्ञा अथवा मगज भएको व्यक्तिले मात्र मेरो शिक्षा बुझ्छ।" किनभने बिवेक बुद्धि र शिक्षा नभएको व्यक्तिले भयानक अपराध पनि गर्न सक्छ। त्यति मात्र होइन बुद्धले देशमा आर्थिक कमजोडीबाट उत्पन्न हुने विभिन्न विकृति र समस्याहरू सुल्झाउन देशका जनताहरूको इच्छानुसार काम गर्न रोजगार र लगानी पनि जुटाइदिनु पर्ने कुरामा जोड दिनु भएको छ। किनभने देशमा अशान्ति र कलहको बीउमध्ये एक बेरोजगारी अथवा काम नपाउनु पनि हो।

यसरी मानिसहरूको आधारभूत आवश्यकताहरू पूरा भैसकेपछि मात्र उनीहरूको मनले लोकुत्तर शिक्षा प्राप्त गर्ने चाहना गर्न सक्छ। बुद्धको शिक्षा अनुसार लोकुत्तर शिक्षा प्राप्त गर्न पहिला हामीले अर्काको दोष होइन आफ्नो दोषलाई प्रत्येक क्षण होसपूर्वक हेर्न सक्नु पछ। अरुहरूको मात्र दोष देख्ने व्यक्तिको मनमा जहिले पनि द्वेष भावना उब्जी जहिले पनि अशान्ति भैरहने हुन्छ। जसले आफूलाई हेर्ने बानी गर्छ उसले आफ्ना कुबानीहरूलाई हटाई यथार्थ ज्ञानलाई बुझ्न सक्ने हुन्छ र उसले मात्र बुद्धको शिक्षालाई बुझी लोकुत्तर शिक्षा प्राप्त गरी मुक्तिमार्गलाई पहिल्याउन सक्ने हुन्छ।

## स्वास्थ्य शिविर

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना भएको २५ वर्ष पूरा भएको उपलक्ष्यमा गोष्ठीले यस वर्ष विभिन्न कार्यक्रमहरूको आयोजना गरी आफ्नो रजत जयन्ति मनाएको छ। यसै क्रममा गत श्रावण २६ गते शनिबार श्रीमती रेणु स्थापितको संयोजकत्वमा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरियो।

शिविरको उद्घाटन माननीय युवा खेलकुद तथा संस्कृति मन्त्री श्री बलबहादुर के. सी. ले एक समारोहका बीच गर्नुभयो। समारोहलाई सम्बोधन गर्नुहुँदै मन्त्रीज्यूले 'धर्मकीर्तिले अरुको हितलाई ध्यानमा राखेर स्वास्थ्य शिविर जस्तो रचनात्मक कार्यक्रमको आयोजना गरेर बुद्ध शिक्षालाई चरितार्थ गरेको छ' भन्नुभयो। गोष्ठीका वरिष्ठ सल्लाहकार मा. गुणवतीको सभापतित्वमा भएको सो उद्घाटन समारोहमा अध्यक्षा अ. धम्मवतीले स्वागत भाषण गर्नुभएको थियो भने धर्मानुशासक भिक्षु अश्वघोष महास्थविर र शिविरका संयोजक श्रीमती रेणु स्थापितले मन्तव्य दिनुहुँदै स्वास्थ्य शिविरको महत्व बारे प्रकाश पार्नुभयो। कार्यक्रम गोष्ठीका सह-सचिव श्री अरुण सिद्धि तुलाधरले संचालन गर्नुभएको थियो।

उद्घाटन समारोह पश्चात् बिरामी जाँच्न शुरु गरिएको सो शिविरमा दश प्रकारका रोगहरूको निःशुल्क उपचार र औषधी बितरण गरिएको थियो भने ४ महिना देखि ९९ वर्ष सम्म उमेर पुगेका जम्मा ५२० जना बिरामी मध्ये सामान्य चिकित्सा तर्फ १३३ जवान, बाल रोग तर्फ ४२ जवान, हाड जोर्नी तर्फ ९१ जवान, छाती रोग तर्फ २८ जवान, मुटु रोग तर्फ २६ जवान, नाक, कान, घाँटी तर्फ ४३ जवान, स्त्री रोग तर्फ ११ जवान, दन्त रोग तर्फ ४८ जवान, पेटको रोग तर्फ २२ जवान र आँखाको रोग तर्फ १०३ जवान बिरामीहरूले आ-आफ्नो रोग जँचाएको थियो।

स्वास्थ्य शिविर सफल पार्न निम्न चिकित्सक-हरूले आ-आफ्नो अमूल्य समय दिनुभई धर्मकीर्तिलाई सहयोग दिनुभएको थियो।



Downloaded from http://www.dhamma.digital

- सामान्य चिकित्सा तर्फ

१. डा. इश्वरनाथ श्रेष्ठ २. डा. सम्पूर्णमान तुलाधर

३. डा. बिजेन्द्र ध्वज जोशी ४. डा. बिजयलाल श्रेष्ठ

५. डा. सागर रत्न शाक्य

- बाल रोग तर्फ

१. डा. चन्द्रेश रत्न तुलाधर

- हाड जोर्नी तर्फ

१. डा. अशोक बज्राचार्य २. डा. प्रेमल ध्वज जोशी

३. डा. अनिल श्रेष्ठ ४. डा. सुबिन जोशी

५. डा. रोशनलाल श्रेष्ठ

- छातीको रोग तर्फ

१. डा. थिरमान शाक्य

- मुटुको रोग तर्फ

१. डा. मोतिराज बज्राचार्य

ई. सी. जी. को लागि सहयोगीहरू :-

श्री आभूषण सिद्धि तुलाधर र सुश्री निकी श्रेष्ठ

- नाक, कान, घाँटो तर्फ

१. डा. बिभु प्रधान २. डा. संगिता श्रेष्ठ

अडियोग्रामको लागि सहयोगी- श्रीमती सरिना जोशी

- स्त्री रोग तर्फ

१. डा. तारा मैंया शाक्य २. डा. लता शाक्य

३. डा. केशरी बज्राचार्य ४. डा. गंगा शाक्य

- दन्त रोग तर्फ

१. डा. माणिकरत्न बज्राचार्य २. डा. अरूण मानन्धर

३. डा. प्रमोद रावल ४. डा. मधु रघुबंशी

५. सि. बुद्धलक्ष्मी शाक्य

सहयोगीहरू- श्री संलेश बज्राचार्य र श्री केशव थापा

- पेटको रोग तर्फ

१. डा. इश्वरलाल आचार्य

- आंखाको रोग तर्फ

१. डा. सम्भू प्रसाद लाखे २. डा. केशव प्रसाद अधिकारी

सहयोगीहरू- तुम्ला बी. के. र तारा कुँवर

- सहयोग गर्ने सिष्टरहरू

१. श्रीमती बिमला बज्राचार्य २. श्रीमती प्रमिला चौहान

३. श्रीमती राधालक्ष्मी श्रेष्ठ ४. श्रीमती सरला मिश्र

५. श्रीमती तारादेवी शाक्य ६. श्रीमती दुर्गा भारती

७. श्रीमती तारादेवी तुलाधर ८. " द्वारिका मानन्धर

त्यस्तै निम्न व्यक्ति / फर्महरूबाट करीब २० कार्टुन औषधी सहयोग स्वरूप प्राप्त भएको छ ।

१. थेम्जो इन्टरप्राइजेज २. एन. के. फर्मास्युटिकल्स

३. बी. आर. फर्मास्युटिकल्स ४. सी. टी. एल. फर्मा

५. सिम्का म्यानुफ्याक्चरिङ्ग कं. ६. फर्माको इण्डष्ट्रिज

७. एम. आर. टी. सी. ८. मेडी स्यअर इम्पेक्स

९. अम्कल फर्मास्युटिकल्स १०. यती केम डिष्ट्रिब्युटर्स

११. इथिम्ड कन्सर्न १२. शाही औषधि लि.

१३. बिन्जु फर्मा १४. एमकेअर फर्मास्युरिकल्स

१५. प्रिया ट्रेडिङ्ग लि. १६. प्रकाश फर्मासिया

१७. Med. Rep. श्याम मानन्धर

यसैप्रकारको यस शिबिर सफल पार्न धर्मकीर्तिकै निम्न स्वयंसेवकहरूले निम्न क्षेत्रमा निकै सहयोग पुऱ्याएका थिए ।

- डाक्टरहरूको सहयोगी

१. दीपमान महर्जन २. श्यामलाल चित्रकार

३. रामेश्वरी महर्जन ४. शान्ति महर्जन

५. तारा डंगोल ६. सहना मानन्धर

७. कमल शाक्य ८. लक्ष्मी शाक्य

९. संजय महर्जन १०. अञ्जना तुलाधर

११. उमा मानन्धर १२. सुरेश शाक्य

१३. ध्रुव राजकर्णिकार १४. अनिल जोशी

१५. सुजिना श्रेष्ठ १६. अनिता मानन्धर



Downloaded from http://www.dhamma.digital

– खाद्यान्न तर्फ

१. नानी हिरा तुलाधर　　२. नुनन बनिया

३. सुमन प्रभा तुलाधर　　४. मायादेवी महर्जन

५. सुनिहेरा तुलाधर　　६. रूपशोभा शाक्य

७. रूपशोभा तुलाधर　　८. मिनशोभा शाक्य

– प्राबिधिक कार्य तर्फ

१. इन्द्रकुमार नकर्मी　　२. बिद्या सागर रंजित

३. चिनिकाजी महर्जन

– उपकरण तर्फ

१. अरूण सिद्धि तुलाधर

– दर्ता फाँट तर्फ

१. रचना शाक्य　　२. ज्ञानेन्द्र महर्जन

३. सुनिता बज्राचार्य　　४. मञ्जु मानन्धर

– औषधालय तर्फ

१. हसन कुमार बज्राचार्य　२. सुनिल तुलाधर

३. ध्रुवरत्न स्थापित　　४. राधिका ताम्राकार

– लाइन मिलाउने तर्फ

१. राम महर्जन　　२. कमला बज्राचार्य

– ई. सी. जी. तर्फ

१. कल्पना शाक्य

– सोधपुछ तर्फ

१. बिनु ताम्राकार　　२. विकासरत्न तुलाधर

एवं प्रकारले तल उल्लेखित व्यक्तिहरूको आर्थिक सहयोगबाट पनि शिविर सफल पनि ठूलो टेवा पुगेको थियो।

श्रीमती हेरा स्थापित मखन टोलबाट भोजनको लागि रू. २०००।–

श्री इन्द्रमान महर्जन र श्रीमती सीता महर्जन तँलाछी त्योडबाट रू. १००५।–

श्री स्वदेशमान श्रेष्ठ, पूजा रेण्टल सर्भिस, ठँहिटी काठमाडौंबाट रू. ५५६।– मोल बराबरको मेच १ थान

यसरी सबैको मैत्रीपूर्ण सहयोगबाट उक्त एकदिने निःशुल्क स्वास्थ्य शिविर सफलतापूर्वक समाप्त भएको छ। यस शिविर सफल पार्न प्रत्यक्ष र अप्रत्यक्षरूपमा सहयोग गर्नु हुने सबै महानुभावप्रति धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले हार्दिक धन्यवाद ज्ञापन गरेको छ।

२०५३ भाद्र १ गते शनिबार

यसदिन गोष्ठीको साप्ताहिक कक्षामा गत हप्ता सम्पन्न गरिएको एकदिने निःशुल्क स्वास्थ्य शिविरको समिक्षा गरियो। कार्यक्रममा शिविरका सकारात्मक एवं नकारात्मक दुबै पक्षको छलफल गरियो। यसबाट भबिष्यमा आयोजना गरिने अन्य शिविरहरूलाई अझ बढि उपयोगी र सफल पार्न सकिने सदस्यहरूले महसूस गरेका छन्।

★★★

धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू—

क्र. सं. २०७

भक्तबहादुर लामा
धादिङ्ग जिल्ला
निलकण्ठ गा. वि. स. ५
रू. १०५१।–

क्र. सं. २०८

उद्योगरत्न तुलाधर
असन, काठमाडौं
रू. १०१०।–

क्र. सं. २०९

केशरी तुलाधर
भोटाहिटी, काठमाडौं
रू. १००५।–



Downloaded from http://www.dhamma.digital

## बुद्ध–पूजा

२०५२ चैत्र ७ गते, चोभार स्थित सुन्दरीघाटमा धर्मकीर्ति विहारबाट संचालन हुने गरी निर्माण हुन लागेको सुलक्षणकीर्ति विहारको जमिनमा बुद्ध–पूजा सम्पन्न भएको छ। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका उपाध्यक्ष श्री अमृत ताम्राकारले संचालन गर्नुभएको सो कार्यक्रममा विभिन्न महानुभावहरूले यसरी आ–आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो।

भीमबहादुर श्रेष्ठ —"सुलक्षण तीर्थ (सुन्दरीघाट) लाई बनाउन स्व. तुतुदास मानन्धर, भैरवकर गुर्जु, नन्दसिद्धि र यस चोभार स्थित गण्यमाण्य व्यक्तिहरूका संयुक्त प्रयासबाट चन्दा संकलन गरी सुन्दरीघाट वरिपरिका जग्गाहरू खरीद गर्न चन्दा दाताहरूको मञ्जुर अनुसार स्व. तुतुदास मानन्धर र नन्दसिद्धि गुभाजु समेतको संयुक्त नाममा जग्गा खरिद गरिएको थियो। यही जग्गामा सुलक्षणकीर्ति नाम गरेको बुद्ध धर्म सम्बन्धी विहार र स्कूल बनाउने योजना राखिएको छ।"

हरिमान रंजित —"एकदिन भैरवकरजीले मलाई भन्नुभयो —चन्दा संकलनबाट खरीद गरिएको जग्गा सुन्दरीघाट तपाईंले धम्मवती गुरुमाँसँग सरसल्लाह गरी दानको रूपमा लिनुभई बुद्ध विहार बनाइदिनु भएमा अति कृतज्ञ हुने थिएँ। यस सल्लाहलाई मनन गरी मैले एकदिन धम्मवती गुरुमाँसँग उपरोक्त कुराहरू अनुरोध गर्दा गुरुमाँबाट यसरी आज्ञा हुनुभयो -यदि विहार बनाउनको लागि जग्गा दान दिने इच्छा गर्नुहुन्छ भने सो जग्गामा अ. अनोजाले सुव्यवस्थित ढंगले विहार बनाउने कार्यको जिम्मा लिन सक्नेछिन्। त्यसैले अनोजा गुरुमाँसँग यसबारे सोधनी हुँदा वहाँले भन्नुभयो - धम्मवती गुरुमाँको छत्रछायाँमा रही सो ठाउँमा बौद्ध शिक्षा सम्बन्धि स्कूल र विहार बनाउने हो भने मलाई यस प्रस्ताव मञ्जुर छ। नन्दसिद्धि र स्व. तुतुदास मानन्धरको संयुक्त नाममा खरिद भइरहेको सो जग्गा नन्दसिद्धि र स्व. तुतुदासजीको परिवार (श्रीमती र छोराहरू) ले खुसिसाथ दिन मञ्जुर हुनुभयो। स्व. तुतुदासको नाममा रहेको जग्गा उनकी श्रीमती अष्टमायाको नाममा नामसारी गरी धर्मकीर्ति विहारको नाममा दान दिन तयार भइयो भने श्री भीमबहादुर श्रेष्ठबाट लगनशील हुनुभई रजिष्ट्रेशन सम्बन्धि कार्य सम्पन्न गर्नुभयो र फलस्वरूप यस जग्गा २०५१ चैत्र २६ गते धर्मकीर्ति विहारलाई विधिवत् दान गरिएकोले वहाँहरूलाई साधुवाद छ।

श्री नन्दसिद्धि बिरामी हुनु भएकोले वहाँबाट २०५२ आश्वीन १३ गतेका दिन सो जग्गामा धर्मकीर्ति विहारबाट बनाउन गइरहेको विहारको निर्माण कार्य र अन्य कार्यहरूमा कुनै किसिमको रोकावट नहुने गरी कागज समेत गरी दिनु भएकोमा वहाँ र वहाँका परिवारहरू समेतलाई साधुवाद छ। साथै यस जग्गामा विहार बनाउने सिलसिलामा कार्यान्वयनका लागि अ. धम्मवती गुरुमाँको अध्यक्षतामा र अ. अनोजाको संयोजकत्वमा १३ जवान सदस्यहरू भएको उपसमिति गठन गरियो। यस कार्यको लागि श्री मदन केसीज्यूले सरसल्लाह र सहयोग गरिदिनु भएको कारणले वहाँलाई पनि धन्यवाद दिएका छौं।"

भैरवकर गुर्जु—"भट्कीरहेको सुन्दरीघाटलाई नीलबहादुरको सहयोग लिई जीर्णोद्धार गरेको पनि



Downloaded from http://www.dhamma.digital

थिएँ। तर अहिले पनि यो घाट भद्कँदै गइरहेको हुँदा यसलाई संरक्षण गर्न र पुण्यस्थल बनाउने हेतुले हरीमानजीसँग सल्लाह गरी धर्मकीर्ति विहारलाई सुम्पने निर्णय गरेका छौं।"

चन्द्र महर्जन—"यस ठाउँमा विहार जस्तो पवित्र स्थान बनाउने भए हामीले पनि सक्दो मद्दत गर्नेछौं।"

दीर्गकुमार मानन्धर—"यस स्थानमा विहार बनिसकेपछि अनाथ कोषको स्थापना गरी डाक्टरहरूको समेत व्यवस्था भएको वृद्धाश्रम पनि बनाउनु पर्ने देखिन्छ।"

अ. अनोजा—"आज सुलक्षणकीर्ति विहारको शिलान्यास गर्ने मनसाय लिई बनारसबाट अस्ति आइपुगेकी थिएँ। तर पूज्य अ. धम्मवती गुरुमां तीर्थयात्रा जानु भएको हुँदा शिलान्यास कार्य स्थगित हुन पुग्यो। धम्मवती गुरुमाँले मप्रति अनुकम्पा राख्नु भई मेरै संयोजकत्वमा विहार बनाउने अनुमति दिनु भएको छ। चन्दा संकलन गरी जग्गा खरिद गरी दान गर्नुहुनेहरू श्री नन्दसिद्धिज्यू, स्व. तुतुदास परिवार (अष्टमाया, दीर्गकुमार मानन्धर, राजु मानन्धर, गौतम मानन्धर) र यस कार्यमा आफुले सक्दो मेहनत गर्नु हुने भैरवकर गुर्जु र स्थानिय बासिन्दाहरू समेतलाई धन्यवाद टक्राउँदैछु। यस कार्यको लागि समय समयमा आफ्नो अमूल्य सुझाव दिनु हुने मदन केसीजीलाई पनि धन्यवाद नदिइरहन सक्दिन।

पहिला पहिला कुनैपनि व्यक्ति महारोगी भएमा उसको रोग अरूलाई पनि सर्ने डरले सो रोगीलाई जंगलमा फाल्ने चलन थियो। यसरी नै एउटा महारोगीलाई चोभारको जंगलमा फालिएको थियो। एकदिन श्री करुणामयले करुणाचित्तले मनुष्यको रूप लिई उक्त व्यक्तिलाई घाटमा भेट्न आउनु भयो र त्यस बिरामीलाई घाटमा चैत्य बनाई भक्ति गर्ने सल्लाह दिनुभयो। बिरामीले करुणामयले भन्नुभए जस्तै बालुवाको चैत्य बनाई दिनदिनै भक्ति गर्दा महारोग नीको हुँदै गएको रहेछ। यो कुरो सबैलाई थाहा भएछ। राजाले समेत यो कुरो थाहापाई आफ्ना महारोगी राजकुमारलाई पनि सोही घाटमा राख्न ल्याई चैत्य बनाउन लगाई भक्ति गर्न लगाएछ। फलस्वरूप उसको पनि रोग नीको भएछ। पछि राजाले रोग निको भइसकेको राजकुमारलाई सकुशल हर्षोल्लासका साथ स्वागत गरी दरबारमा लगी राज्याभिषेक गरी यस तीर्थलाई सुलक्षण तीर्थ भन्ने नामाकरण गरिएको कथन छ। त्यसैले यस तीर्थमा निर्माण हुन लागेको विहारको नाम पनि सुलक्षणकीर्ति विहार नै हुनेछ।"

बुद्ध-पूजामा जलपानको लागि सहयोग गर्नुहुने धर्मकीर्ति विहारका "मिजं पुचः" र भोजनको लागि रू. १०००।– र नपुग सबै दीर्गकुमार मानन्धर परिवारबाट सहयोग गरिदिनु भएका सबैलाई पुण्य प्राप्त होस् भनी पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो।

## तेस्रो साधारण सभा

यही २०५३ भाद्र ८ गते शनिबारका दिन यस ज्योतिदय संघ, ज्योति विहारको तेस्रो साधारण सभा सम्पन्न भयो। उक्त सभा विहारका संस्थापक सदस्य कुमार वेशारको सभापतित्वमा भएको थियो। उक्त सभामा ज्योतिदय संघ, ज्योति विहारको वार्षिक कार्यपत्र, गतवर्षको आर्थिक प्रतिवेदन, साथै विभिन्न कार्यनिती पेश गरी छलफल गरिएको समाचार प्राप्त भएको छ।



Downloaded from http://www.dhamma.digital

प्राप्त समाचार अनुसार उक्त सभामा ४१ जना साधारण सदस्य तथा आमन्त्रित सदस्यको उपस्थितिमा भएको थियो, सभामा इतिहासविद भुवनलाल प्रधान, ज्योतिदय संघका सल्लाहकार बौद्ध विद्वान धर्मरत्न शाक्य तथा गा. वि. स. अध्यक्ष कृष्णबहादुर देशारले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो। साथै सामान्य छलफलमा जि. वि. स. सदस्य निलबहादुर देशार, सदस्य सुरेन्द्रमान शाक्य, अध्यक्ष अ. ज्ञाणवतीले आ-आफ्नो धारणा राख्नुभयो। सो कार्यक्रम सचिव दिल देशारले संचालन गर्नुभएको थियो।

## बाग्लुङमा धर्मचक्र प्रवर्तन दिवस

ज्ञानमाला संघ तथा उपासिका संघ ज्ञानोदय बुद्ध विहार बाग्लुङको आयोजनामा पहिलो पटक बाग्लुङमा आषाढ पूर्णिमालाई धर्मचक्र प्रवर्तन दिवसको रूपमा मनाइयो। पोखराबाट पाल्नु भएका श्रद्धेय भिक्षु श्रद्धानन्दज्यूबाट पञ्चशील ग्रहण गरेपछि प्रारम्भ भएको उक्त कार्यक्रममा उपस्थित उपासक उपासिकाहरूलाई भन्तेबाट धर्मदेशना भएको थियो। धर्मदेशनाको क्रममा उहाँले आषाढ पूर्णिमाको दिनलाई धर्मचक्र प्रवर्तन दिवस भनिनुको अर्थ सहित भगवान् गौतम बुद्धले पहिलो पटक प्राणी मात्रको लागि अवबोध गराउनु भएको प्रमुख दुई अतिलाई छोडेर अपनाइएको मध्यम मार्ग, चार आर्यसत्य र दुःख निवारणका लागि देखाउनु भएको आर्य अष्टाङ्गिक मार्ग र तिनका मार्गफल बारे देशना गर्नुभयो।

पोखराबाट पाल्नु भएका बौद्ध उपासक विश्व शाक्यले आषाढ पूर्णिमाको महत्ता र यसमा निहीत प्रमुख पाँच संयोगहरू बारे चर्चा गर्नुभयो। कार्यक्रममा वर्षावासका लागि बाग्लुङ आउनु भएकी तानसेन पाल्पाकी गुरुमाँ अनगारिका धम्मदिन्ना पनि उपस्थित हुनुहुन्थ्यो।

यस कार्यक्रमको अध्यक्षता ज्ञानमाला संघ, ज्ञानोदय बुद्ध विहार, बाग्लुङका उपाध्यक्ष शरणलाल शाक्यले गर्नुभएको थियो भने सहभागीहरूलाई स्वागत तथा धन्यवादन ज्ञापन पनि गर्नुभएको थियो। ज्ञानोदय बुद्ध विहारका संरक्षक रामलाल शाक्यले आफैंले रचना गर्नुभएको ज्ञानमाला भजन सस्वर गाउनु भएको थियो। कार्यक्रम ज्ञानमाला संघका सचिव मुकुन्द शाक्यले संचालन गर्नुभएको थियो।

## बौद्ध हाजिरी जवाफ प्रतियोगिता सम्पन्न

धरान-१२ स्वयम्भू चैत्य महाविहार स्थित सम्यक शिक्षा समूहद्वारा यही २०५३ आषाढ पूर्णिमाको पुनित सुअवसरमा सुश्री विद्या शाक्यज्यूको संयोजकत्वमा बौद्ध हाजिरी जवाफ प्रतियोगिता सम्पन्न गरियो। जसमा उपासिका समूह, सम्यक शिक्षा समूहका युवा समूह र युवती समूह साथै साना-साना विद्यार्थीहरूको २ वटा समूह गरी जम्मा ५ वटा समूहले भाग लिएको थियो। यसरी ५ वटा समूहमा युवाहरूको समूहले प्रथम स्थान पाएर सफल भएको थियो जसका सहभागीहरू श्री सुरज शाक्य, श्री डगल सुब्बा र श्री विनोद शाक्य हुनु हुन्थ्यो। त्यसै गरी दोस्रो स्थानमा उपासिका समूहले आफ्नो आधिपत्य जमाउन सफल हुनु भएको थियो। सहभागीहरू क्रमशः सुश्री गंगादेवी शाक्य, श्रीमती देवीमाया शाक्य, श्रीमती मथुरा शाक्य र श्रीमती प्रज्वला शाक्य। त्यस्तै तेस्रो स्थानमा युवतीहरूको समूह आउन सफल भयो। सहभागीहरू सुश्री रूपा स्थापित, सुश्री बसु शर्मा, सुश्री अनुपमा शाक्य र सुश्री रोहिणा ताम्राकार। साना-साना विद्यार्थीहरूको समूह



Downloaded from http://www.dhamma.digital

चौथो र पाचौं स्थानमा आएता पनि उनीहरूको मेहनत र लगनशीलतालाई हामीले प्रोत्साहित गर्न आवश्यक छ। विजयी सहभागीहरूलाई आषाढ पूर्णिमाको दिन पुरस्कार वितरण गरियो। यसरी भगवान् बुद्धको गर्भ प्रवेश, गृह-त्याग, धर्मचक्र प्रवर्तन साथै पहिलो पल्ट आध्यात्मिक शक्ति प्रदर्शन गर्नुभएको इत्यादि धेरैवटा संयोग जुरेको दिन आषाढ पूर्णिमाको बौद्ध धर्मावलम्बीहरूको लागि ज्यादै महत्वपूर्ण दिन रहिआएको कुरालाई ध्यानमा राख्दै विभिन्न किसिमको कार्यक्रमहरू सहित सुसम्पन्न गरियो।

## उद्घोषण तालिम सम्पन्न

उद्घोषण कला मानव जीवनको लागि एक महत्वपूर्ण र आवश्यकीय अंग हो। कुनै पनि कार्यक्रमलाई रोचक तथा सफल तुल्याउन एउटा कुशल उद्घोषकको जरूरी हुन्छ। उद्घोषण सजिलो काम भने होइन तर असम्भव पनि छैन। यसलाई सरल र प्रभावकारी बनाउन मेहनत र लगनशीलताको खाँचो पर्छ। यही कुरालाई मध्य नजर राख्दै सम्यक शिक्षा समूहले गत श्रावण २१ गते उद्घोषण तालिम सम्पन्न गऱ्यो। उक्त तालिममा धरान भरीका बौद्ध संघ संस्थाहरूको सहभागी थियो। दुईवटा बौद्ध विहार र तिनवटा गुम्बाहरू गरी जम्मा ३५ जना सगभागी रहेको उक्त तालिम कार्यक्रमका संयोजक श्री डगल सुब्बा हुनुहुन्थ्यो भने कार्यक्रम संचालक श्री मोहन श्रेष्ठ हुनुहुन्थ्यो। सहभागीहरूलाई प्रशिक्षण दिन प्रमुख प्रशिक्षक द रेयूकाई नेपाल धरान शाखाका शाखा निर्देशक तथा शिबुचो श्रीमती इन्दु श्रेष्ठ र सहायक प्रशिक्षकमा द रेयूकाई नेपाल धरान शाखाका सचिव साथै धरान जेसीजका उपाध्यक्ष श्रीमान शरदरत्न पार्बीव हुनुहुन्थ्यो। समूहका कोषाध्यक्ष सुश्री विद्या शाक्यज्यूले सम्पूर्ण सहभागी तथा प्रशिक्षकहरूलाई स्वागत तथा सम्मान मन्तव्य व्यक्त गर्नुभएको थियो भने समूहका सचिव श्री सुरज शाक्यज्यूले समूहको गतिविधि र परिचय बारे प्रकाश पार्नुभएको थियो। त्यस्तै सदस्य अनिल शाक्यज्यूले उद्घोषण कला आजको युवा पिंढीलाई अति आवश्यक भएको कुरामा जोड दिनु हुँदै आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रमको अन्त्यमा समूहका अध्यक्ष श्रीमती देवीभाका शाक्यज्यूले सहभागीहरूमा प्रमाण-पत्र वितरण गरी अध्यक्षीय मन्तव्य व्यक्त गर्नुभयो र कार्यक्रम संयोजक श्री डगल सुब्बाज्यूले धन्यवाद ज्ञापन गर्नुहुँदै कार्यक्रम समाप्त गर्नुभएको थियो।

## बौद्ध हाजिरी जवाफ प्रतियोगिता सपम्न

यही २०५३ भाद्र १ गतेका दिन बौद्ध युवा संघ श्री महाबोधि विहार तानसेनमा संघका सदस्यहरू बीच हाजिर जवाफ प्रतियोगिता कार्यक्रम सम्पन्न भएको समाचार छ। प्राप्त समाचार अनुसार संघका अध्यक्ष रविमान बज्राचार्यको सभापतित्वमा एवं बौद्ध महिला सेवा समितिका अध्यक्ष प्र. अ. सुश्री चिनीयादेवी बज्राचार्य रहनु भएको सो प्रतियोगितामा पाँच समूहले भाग लिएकोमा प्रथम 'गौतम समूह' का दिपेन्द्रकाजी शाक्य, प्रज्वल शेखर बज्राचार्य र बसन्तलाल बज्राचार्य, द्वितीय 'मैत्री समूहका' नारायण बज्राचार्य, विज्ञान श्रेष्ठ र महेश बज्राचार्य, तृतीय 'सुमेध समूहका' सुनिलमान शाक्य, सुदर्शन श्रेष्ठ र दिपेन्द्रराज बज्राचार्य भएको थियो। उक्त प्रतियोगिताका संयोजक गम्भिरमान शाक्यको स्वागत भाषण पश्चात् निर्णायक विनयराज बज्राचार्यले प्रतियोगिताको नियम सम्बन्धि प्रकाश पार्नु भएको थियो। प्रतियोगिता पश्चात् विजयी तथा उप-



Downloaded from http://www.dhamma.digital

विजयी समूहका सहभागीहरूलाई प्रमुख अतिथि तथा संघका सभापतिबाट पुरस्कार तथा प्रमाण–पत्र वितरण गरिएको थियो । कार्यक्रमको अन्तमा सभापति रविमान बज्राचार्यले सहभागी हुने सदस्य तथा सघाउ पुऱ्याउने महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दै यस प्रकारको प्रतियोगिताबाट सदस्यहरूलाई बुद्ध धर्म सम्बन्धि ज्ञान, शिक्षा र दर्शन सम्बन्धि कुराहरूको जानकारी हासिल हुन जाने तथा व्यक्तित्वको विकास समेत हुने कुरा व्यक्त गर्दै सभाको समापन गर्नुभएको थियो ।

## स्याङजामा धर्मचक्र प्रवर्तन दिवस

२०५३ श्रावण १५ गते, धर्मचक्र प्रवर्तन दिवस-को पुनित अवसरमा धर्मोदय सभा स्याङजा पंचमूल शाखाले शान्ति पदयात्रा, पञ्चशील प्रार्थना, बौद्ध गोम्पा शिरुवारीमा विशेष बुद्ध–पूजा, धार्मिक प्रवचनका साथै "बुद्ध धर्म र अहिंसा" विचार गोष्ठीको आयोजना, साँझमा "नवयुवा क्लब शिरुवारी" द्वारा बुद्ध धर्म सम्बन्धि नाटक, "बुद्ध आमा समूह" द्वारा बुद्ध भजनका साथै प्रत्येक घरमा दिपावली आदि जस्ता विविध कार्यक्रमहरू समावेश गरी बडो भव्यताका साथ धर्मचक्र प्रवर्तन दिवस सुसम्पन्न गरिएको समाचार प्राप्त भएको छ ।

## चैनपुरमा धर्मचक्र दिवस

२०५३ श्रावण १५ गते, श्री बोधिसत्व विहार संखुवा सभा चैनपुरमा आषाढ पूर्णिमा र धर्मचक्र दिवसको उपलक्षमा श्री चन्द्रज्योति शाक्यको संयोजकत्व-मा शील प्रार्थना, बुद्ध–पूजा र धर्मदेशना गरेको समाचार छ । विभिन्न महानुभावहरूले आ–आफ्नो मन्तव्य व्यक्त गरिएको उक्त समारोहमा पुष्पलाल शाक्य र श्रीमती यशोदा शाक्यले प्रदिप–पूजा र सुश्री सरला शाक्यले पलङ्पोस दान गरी पुण्यानुमोदन गरी बिहानको कार्यक्रम समाप्त गरिएको थियो भने दिउँसो ध्यान कार्यक्रम राखिएको थियो । त्यस्तै बेलुकी ज्ञानमाला भजन र प्रसाद वितरण कार्यक्रम समेत गरी आषाढ पूर्णिमाको धर्मचक्र दिवस मनाइएको समाचार प्राप्त भएको छ ।

## धर्मदेशना

धर्मोदय सभाको आयोजनामा प्रत्येक पूर्णिमाको उपलक्ष्यमा संचालन भैरहेको धर्मदेशना कार्यक्रम केही कारणवश रोकिएको थियो । तर सो कार्यक्रम यही भाद्र १२ गतेदेखि पुनः संचालन भएको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार धर्मोदय सभाका महासचिव डा. त्रिरत्नमान तुलाधरले स्थगित भैरहेको कार्यक्रम पुनः संचालन भएकोमा खुशी प्रकट गर्नुहुँदै सहभागी सबैलाई स्वागत गर्नुभएको थियो ।

धर्मदेशनाको पहिलो वक्ता धर्मोदय सभाका केन्द्रिय सल्लाहकार समितिका सभापति भिक्षु सुदर्शन महास्थविरले बुद्धकालीन समयदेखि पूर्णिमालाई कुन रूपमा लिएको छ, सो बारे जानकारी दिनुहुँदै पूर्णिमाको दिन नियमितरूपमा चिन्तन–मनन कार्य गरेमा राम्रो प्रतिफल पाइने विश्वास पनि दिलाउनु भयो ।

श्री सुवर्ण शाक्यले संचालन गर्नुभएको सो कार्यक्रममा श्री लोकदर्शन बज्राचार्यज्यूले धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्नुभएको थियो ।

## गुँला धर्म महिनाभरि धर्मउपदेश कार्यक्रम

नेपालमा प्रत्येक वर्षको श्रावण र भाद्र महिना-भित्र गुँला धर्म महिना भनी एक महिनासम्म धार्मिक कार्यहरू गर्ने चलन छ । धेरैजसो मानिसहरू आ–आफ्ना दैनिक जीविकोपार्जनका लागि कामकाज गर्न व्यस्त देखिन्छन् । उनीहरूको मनमा धर्म कर्म गर्ने श्रद्धा भएपनि फुर्सद भइराखेको हुँदैन । त्यसैले प्रत्येक महिनाको २ वटा अष्टमी, औंसी र पूर्णिमा गरी महिनाको जम्मा ४ दिन धार्मिक कार्यहरू गर्ने दिन भनी छुट्टाइएको छ । तैपनि मानिसहरूको मनमा जति पनि धर्मचेतना जाग्नुपर्ने हो, त्यति मात्रामा जागेको देखिदैन । त्यसैले पहिलाका महापुरुषहरूले गुँला धर्म एक महिनाभरि नै गुण धर्म पूर्ण गर्ने भनी धर्मचेतना जगाउने तर्फ ध्यान आकर्षण गराउने कार्यक्रम बनाए ।

भिक्षुहरू बस्ने विहारहरूमा बिहानभरि बुद्ध गुण स्मरण गरी धार्मिक कथाहरू भन्ने चलन नै बसिसक्यो । त्यस्तै दिउँसो एक महिनाभरि नै भिक्षु भिक्षुणीहरूको तर्फबाट धर्मउपदेशहरू गराउने कार्यक्रमहरू तल उल्लेखित स्थानहरूमा संचालन भएका छन् ।

Downloaded from http://www.dhamma.digital

थोघः विहार काठमाडौं, मणिमण्डप विहार पाटन, दिपङ्कर बिहार भक्तपुर, धर्मकिर्ति विहार (बिहान)। ठसी बुद्ध बिहारको आयोजनामा ठसी टोल टोलमा र किण्डोल महापरिनिर्वाण विहारमा।

## पाल्पामा भिक्षु अमृतानन्द स्मृति दिवस

२०५३ माघ ५ गते पाल्पा करुणा बौद्ध संघ तानसेनद्वारा बुद्ध विहार होलङ्गदीको सभा कक्षमा भिक्षु अमृतानन्द स्मृति दिवस समारोह आयोजना गरिएको समाचार प्राप्त भएको छ। प्राप्त समाचार अनुसार समारोहका प्रमुख अतिथि संघनायक भिक्षु शाक्यानन्द महास्थविरज्यूले "भिक्षु अमृतानन्द स्मृति पुस्तक प्रदर्शनी" को उद्घाटन गर्नुहुँदै उहाँ म्यानमार (बर्मा) मा अध्ययन गरिराखेको बेलामा स्व. भिक्षु अमृतानन्द पनि त्यहाँ अध्ययन गर्न आउनु भएको र पछि बर्माबाट श्रीलंकामा अध्ययनार्थ जानु भएको कुरा बताउनु हुँदै बुद्ध धर्म प्रचार कार्यमा उहाँको ठूलो देन रहेको कुरा बताउनु भयो। करुणा बौद्ध संघ एवं समारोहका अध्यक्ष सह–प्राध्यापक छत्रराज शाक्यले स्व. भिक्षु अमृतानन्द महास्थविरको जीवनी र योगदान बारे विस्तृत चर्चा पनि गर्नुभएको थियो।

"पुस्तक प्रदर्शनी" मा भिक्षु अमृतानन्दबाट लिखित ७० वटा बुद्धकालीन ग्रन्थ एवं पुस्तकहरू, उहाँको जीवनीसँग सम्बन्धित रोचक फोटोहरू, बुद्ध धर्मका पुराना महत्वपूर्ण पुस्तकहरू, भिक्षु अमृतानन्दले आफ्नो जीवनकालमा अध्ययन एवं उपयोग गरिएका पुस्तक ग्रन्थहरू (छत्रराज शाक्यलाई प्राप्त भएको) प्रदर्शित हुनुको साथै हिन्दू धर्मका ग्रन्थहरू र अन्य धार्मिक पत्र पत्रिकाहरू पर्याप्त मात्रामा राखिएका थिए। पाल्पामा यसरी धार्मिक पुस्तकको प्रदर्शनी पहिलो पल्ट भएको कुरा थाहा हुन आएको छ।

## भिक्षु अमृतानन्द महास्थविरज्यूको छैठौं वार्षिक गुणानुस्मरण दिवस

२०५३ माघ २६ गते, दिवंगत श्रद्धेय भिक्षु डा. अमृतानन्द महास्थविरज्यूको छैठौं वार्षिक गुणानुस्मरण दिवस आनन्दकुटी विहार गुठीको आयोजनामा आनन्दकुटी विहारमा सुसम्पन्न भएको छ। ज्ञानमाला भजन गरी शुरु गरिएको उक्त समारोह आनन्दकुटी विहार गुठीका अध्यक्ष भिक्षु अनिरुद्ध महास्थविरको सभापतित्वमा सुसम्पन्न भएको थियो।

दिवंगत भिक्षु अमृतानन्दले नेपालमा बुद्ध धर्म प्रचार गर्ने कार्यमा ठूलो योगदान पुऱ्याउनु भएको छ। राणा शासन पालामा उहाँको स्वयम्भू स्थित किण्डोल विहारमा गुंला (श्रावण, भाद्र) महिनामा र मञ्जुश्रीमा कार्तिक महिनामा धर्मदेशना कार्यक्रमको थालनी गर्नुभएको थियो। हनुमान ढोकामा पनि यसरी नै धर्मदेशना गर्नुभई उहाँले ब्राह्मणहरूलाई बोध गर्नुभएको थियो। काठमाडौं स्थित यटखा टोलमा गरिएको ऐतिहासिक स्वागत समारोहमा लाखौं नरनारीहरू सहभागी भएका थिए। श्री ५ महाराजाधिराज सरकारको सुस्वास्थ्यको कामना गरी महापरित्राण पाठ गर्ने परम्परा बसाल्ने कार्यमा पनि उहाँको ठूलो भूमिका रहेको देखिन्छ। शुरुमा यस महापरित्राण नारायणहिटी राजदरबारभित्र गरिएको थियो। आनन्दकुटी विद्यापीठ, आनन्दकुटी बिहार गुठी र धर्मोदय सभाका संस्थापक रहनुभएका उहाँले बुद्धकालीन ग्रन्थहरू थुप्रै लेखी प्रकाशन गर्नुभएको छ। उहाँका कृतिहरूको रूपमा रहेका यी पुस्तकहरू हाल सिद्धिदै गएको छ। तर सिद्धिसकेका ती पुस्तकहरू पुनः प्रकाशन गर्न सकिराखेको छैन। उहाँले नेपालमा सुसम्पन्न भएको चतुर्थ र पन्ध्रौं विश्व बौद्ध सम्मेलनमा गहन भूमिका निभाउनु भएको छ।

उक्त गुणानुस्मरण दिवस समारोहमा भिक्षु अश्वघोष महास्थविर, भिक्षु सुदर्शन महास्थविर, भिक्षु धर्ममूर्ति, श्री भक्तिदास श्रेष्ठ, श्री कनकमान शाक्य, श्री भुवनलाल प्रधान र श्री न्हुच्छेबहादुर बज्राचार्य आदिले बुद्ध शिक्षा प्रचार गर्ने कार्यमा दिवंगत भिक्षु अमृतानन्दको देनबारे आ–आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो।

धन्यवाद ज्ञापन गर्नुहुँदै आनन्दकुटी विहार गुठीका सचिव भिक्षु प्रज्ञामूर्तिले भिक्षु अमृतानन्दले स्थापना गर्नुभएको यस आनन्दकुटी विहार गुठीले उहाँको इच्छा पूर्ति हुने तरिकाले काम गर्न सकोस् भनी कामना पनि गर्नुभयो।

कार्यक्रमको अन्त्यमा दिवंगत भिक्षु अमृतानन्दको पुण्य–स्मृतिमा अ. ने. भि. म. सं. का अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरज्यूबाट पुण्यानुमोदन गर्नुभएको थियो।

मुद्रक – नेपाल प्रेस, शुक्रपथ, काठमाडौं, नेपाल। फोन – २२ १० ३२, २२५ ४५०

Downloaded from http://www.dhamma.digital